दायित्व

(सामयिक संकलन)

वर्ष ३ | २०४६ वैशाख | अङ्क ७

* प्रधान सम्पादक *
लक्ष्मी पन्त

* सम्पादक *
तारा कार्की

* सल्लाहकार *
डा. मथुरा के. सी.
राम प्रसाद पन्त

विशेष सहयोगी
कृष्ण बहादुर थापा

अन्य सहयोगीहरू
ठाकुर प्रसाद शर्मा
हेमलाल न्यौपाने

प्रकाशक
दायित्व परिवार

२१/१५३ डिल्लीबजार
काठमाण्डौ

मूल्य रु. ५।-

के ?	कसको ?	कहाँ ?
कथा/अनुवाद कथा		
एउटा जीवनको अन्त्य	केशव थापा	९
जहाँ राम त्यहीं हनुमान	लोकेन्द्र शाह	३३
उदारता	चार्ल्स लुइस फिलिप (अनु. लक्ष्मी पन्त)	२१
हास्य कथा/यात्रा कथा		
कस्तुरी मृग...	शंकर कोइराला	१८
श्री दुर्गा रिसाल	राम प्रसाद पन्त	३६
निबन्ध/समालोचना		
सूर्य दर्शन	फणीन्द्र राज खेताला	१
नारी के हुन् ?	ठाकुर शर्मा	२३
रम्भा पानी खण्डकाव्य	गोपी कृष्ण शर्मा	१५
साहित्य/संरचना		
कथाकारको रुपमा	राम प्रसाद दाहाल	५
महाकवि देवकोटा... ...	प्रतीक ढकाल	२६
विदाको दिन	मधुवन पौडेल	३१

कविता/गजल

राजेन्द्र राना मगर ४ वासुदेव अधिकारी ८ दिनेश प्रसाद मैनाली ८ प्रमोद स्नेही ८ चक्रपाणी गौतम ११ किरण हजुर खड्का १२ युवराज नयाँघरे १७ डिल्लीराज अर्याल २० साबी पहाडी २० सानुराजा श्रेष्ठ २० झविन्द्र प्रसाद अर्याल २४ वी. पी. भूसाल २७ डा. मथुरा के. सी. ३० पेशल कुमार न्यौपाने ३०

साथै विज्ञान/विश्वज्ञान/ऐतिहासिक ज्ञान/व्यक्ति परिचय आदि

सम्पादकीय

○ हाम्रा महाकवि देवकोटालाई "पन्त, प्रसाद, निराला" तीनै हुन भनिएको छ। यस्तै नेपालका अन्य कतिपय साहित्यकारहरूलाई प्रेमचन्द बंकिमचन्द जस्ता अनेक साहित्यकारहरूको साहित्य धारामा बगेको कुरा विभिन्न विद्वानहरूबाट पुष्टि गरिएको छ। यसरी नै प्राचीन र माध्यमिक साहित्यले पनि नेपाल र भारत बीच तादात्म्य सम्बन्ध राखेको थियो भन्ने कुरामा इतिहास साक्षी छ।

○ हुनत साहित्य देश व्यवस्था वा संस्थाको साँघुरो घेरामा बाँधिएको हुँदैन। के देश के विदेश, के धनी के गरीब, के पूर्वीय के पाश्चात्य, यसको गति अविरल रूपमा समानान्तर भै चलिरहेको हुन्छ। तापनि साहित्य वा साहित्यकारले जति निकटतालाई प्रभाव पारेको हुन्छ त्यति दूरत्वलाई ग्रहण गर्न सकेको हुँदैन। यो सांचारिक प्रणालीको गतिशीलता संगै प्रवाहित हुने मानवीय नियती हो।

○ भनाईको तात्पर्य यो हो कि साहित्यको यो मिश्रित सम्बन्ध पनि निकटता र घनिष्ठ मित्रताको प्रतीक हो। यदि यसो नहुदो हो त, देवकोटालाई भारतीय साहित्यकार कै उपमा नदिएर अन्य विदेशी प्रतिभासंग पनि दाँज्न सकिन्थ्यो होला। कुरो साहित्य लाई लिएर उठाइएको हो तापनि प्रसंग बदलेर एकछिन थाप्सी छलफल तिर लागौं।

○ जहाँसम्म भारतसितको हाम्रो सम्बन्ध हो–त्यो सौहार्द्रता र आत्मीयताको सम्बन्ध हो। प्राचीन काल देखि चलि आएको समान धर्म संस्कृति र मान्यताको अवधारणा भएको अविच्छिन्न सम्बन्ध हो। दुबै मुलुक वैदिक संस्कृतिमा समान आस्था राख्ने हिन्दूधर्मका अनुयायी राष्ट्र हुन्। वैवाहिक एवं भ्रातृत्वको बन्धनले बाँधिएका यी दुई राष्ट्रहरूको आपसै खालको परम्परागत शाश्वत एवं मैत्री सम्बन्ध थियो भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन।

○ विश्वका झण्डै असी करोड हिन्दूका एकमात्र हिन्दू सम्राट हुने थे य श्री ५ महाराजाधिराजलाई छ। सबभन्दा बढी हिन्दू जनताले वेष्टित भारत भूमि हिन्दूहरूको प्राचीन क्रिया भूमि हो भने नेपाल शान्त तपोभूमि। के भारतीय के नेपाली दुबै देशका जनताले एक अर्काको भूमिमा बिना रोकतोक स्वतन्त्र रूपले आवत जावत र व्यापार व्यवसाय गर्ने नैसर्गिक अधिकार पाएका छन्। भारतका पैंसट्ठी करोड भन्दा बढी हिन्दूका आराध्यदेव पशुपतिनाथ नेपालमा अवस्थित छन् भने नेपालका एक करोड साठीलाख भन्दा बढी हिन्दूका इष्टदेव विश्वनाथ भारत भूमिमा विराजमान छन्। यस्तै बुद्धिष्टहरूका ईष्टदेव स्वयंभू र सारनाथले पारस्परिक समन्वयात्मक सम्बन्ध राख्छन्।

○हामीले आफ्नो पारस्परिक आत्मीय सम्बन्धलाई शताब्दियौं देखि खलबलिन दिएनौं। भगवान श्रीरामले अयोध्या देखि जनकपुर आएर जनक नन्दिनी-संग वैवाहिक सम्बन्ध गाँसिको र बुद्धले कपिलवस्तुदेखि बोधगया पुगेर महानिर्वाण प्राप्त गरेको हाम्रा शास्त्र पुराणहरू बनाउछन्। यस्तो चिरस्थायी एवं पारस्परिक मैत्री सम्बन्धलाई सानोतिनो विवादले खलबलयाउन सक्छ भन्ने कुरामा कसैको विश्वास थियो होला? तर यस्तो रहेछ, भयो अनायासै।

○ आजको स्थिति बेग्लै छ। एकाएक परिवर्तन आएको छ। अकल्पनीय घटना घटेको छ। कुरो सानो छ तर स्थिति गम्भीर छ। भ्रातृत्वको सुमधुर सम्बन्ध अकस्मात् आएर शत्रुतामा परिणत भएको छ। हिन्दू धर्म अवमानना परेको छ। "वसुधैव कुटुम्बकम्" भन्ने वैदिक वाणी वृथा भएको छ। वास्तविक कुरो लुकाएर अर्काई आक्षेप गर्ने प्रवृत्तिको सिर्जना भएको छ। आपसी छलफललाई त्यागेर वाकयुद्ध र पत्रिका युद्ध गर्ने बानी बसालिएको छ। आश्चर्य छ किन यस्तो भएर्दछ। किन तीललाई पहाड बनाइदै छ। किन देशलाई भीत युद्धमा धकेलिदैछ। दुवै देशका जनता दुःखी भएका छन् दुवैलाई अपठ्यारो परेको छ। दुवै देशले नोक्सानी व्यहोर्नु परेको छ। यति हुँदा हुँदै पनि प्रचलित सम्बन्धलाई किन नवीकरण गरिन। आपसी मतभिन्नतालाई टेबुलमा राखेर किन परामर्श गरिन।

○ हामी त चाहन्छौं– केवल दुई देश मात्र होइन पूरै सार्क राष्ट्रहरू विश्वमा नयाँ उदाहरण बनुन्। गरीब राष्ट्र भनी हेला गर्नेहरू हाम्रो आपसी सद्भावना समझदारी र मेलमिलापलाई देखेर चौकुन्। सातै देशको सुन्दा आवत जावत होस्, भीसाको समेत झन्झट नपरोस्, मुद्रामा विनीमय प्रणालीको व्यवस्था होस्। सार्क साझा बजार बनोस्।

○ नेपाल एक सार्वभौमिकता सम्पन्न स्वतन्त्र र शान्तिप्रिय राष्ट्र हो जस्ले शान्तिको आडमा विकासको बाटो पहिल्याउन सक्छ। जस्ले विश्व भातृत्वको भावना राखेको छ। जस्ले विश्व शान्तिको कल्पना गरेको छ। तर कसैको गुलामी वा औपनिवेशिक भएर बाँच्न जानेको छैन। यसको आफ्नै अस्तित्व र आफ्नै मान्यता छ। अन्तरराष्ट्रिय मान्यताको उपयोग गर्न पाउने आफ्नै स्वतन्त्र अधिकार छ।

○ अब त नयाँ वर्षको पनि प्रारम्भ भएको छ। यस वर्षले नेपाल– भारत बीच कुँडिएको सम्बन्धमा पुनः सुधार ल्याओस्। पारस्परिक सद्भावना र समझदारीको आधारमा सामन्जस्यता कायम होस्। दुई देशको तानातानीमा तेस्रो देशले फाइदा उठाउने मौका नपाओस्। आरोप प्रत्यारोप बीचको अध्यारो पक्षको अन्त भएर नव प्रभातको उदय होओस्। यही हाम्रो शुभकामना छ।

☼☼

भाई फुटे गंवार लुटे।

–नेपाली उखान

अत्याचार गर्ने भन्दा अत्याचार
सहने बढी दोषी हुन्छ।

–तिलक

दायित्व बोल्छ !

अनुरोध

कथा निबन्ध समालोचना आदि लेखी पठाउने साहित्यकारहरूले आफ्नो तस्बीर छपाउन चाहनु भएमा पासपोर्ट साइजको १ प्रति फोटो पठाउनु हुन अनुरोध छ। फोटो पठाउँदा आफ्नो पुरा ठेगाना दिन नभुल्नु होला।

जानकारी

हामीलाई प्राप्त हुने रचनाहरू प्राप्त भएको मितिले ६ महीना सम्म (अर्थात २ प्रति छापिदो पनि) छापिएन भने त्यसपछि छापिने आशा कम रहने जानकारी गराइन्छ।

सतर्कता

प्रकाशनको लागि प्राप्त हुने कतिपय रचनाहरू बुझ्दै नबुझिने र बुझेर पनि भन्न खोजेको कुरो जान्न नसकिने हुँदा प्रेसमा निकै कठिनाई भोग्नु परिरहेको छ। लेखाई र सरसफाईको क्षेत्रमा सतर्कता देखाउनु हुनेछ भन्ने कुरामा आशावादी छौं।

सदस्यता

दायित्वलाई जीवित राख्न हामी कटिबद्ध छौं। हाम्रो बुद्धि विवेक र बलले भ्याएसम्म यसलाई निरन्तरता दिने छौं। यही विश्वास दिलाउँदै अब हामीले वार्षिक ग्राहक बनाउने तरखर गर्दैछौं। सदस्य बन्नेलाई २०% प्रतिशत छुट दिइनेछ अर्थात रु. ५।- को दायित्वलाई रु. ४।- मा दिन सकिने छ।

विविधता

साहित्यको क्षेत्र संकुचित हुँदैन। यसले व्यापकतालाई अङ्गालेको हुन्छ। तसर्थ राजनीतिक गन्ध नआउने कुनै पनि रचनाको दायित्व स्वागत गर्दछ।

जिम्मेवारी

दायित्वको अर्थ हो–जिम्मेवारी वा जवाफदेही। त्यसैले आ–आफ्ना रचनाहरूको जिम्मेवारी लेखक स्वयं हुनुपर्नेछ।

धन्यवाद ज्ञापन

दायित्वको उत्थानमा निरन्तर शुभेच्छा राखी परि आएको बेलामा सक्दो मद्दत गर्ने हाम्रा मित्रहरूः– कृष्णप्रसाद पन्त, यतिराज पगेनी, कमलप्रसाद ज्वाली, मोती घिमिरे, प्रेमप्रसाद पाण्डे, दानबहादुर कार्की, एकबहादुर क्षत्री, राजेन्द्र कार्की, चिन्तामणि सिवाकोटी, कृष्णराज सिल्वाल प्रति दायित्व परिवार धन्यवाद ज्ञापन गर्दछ।

निबन्ध

सूर्य दर्शन

–फणीन्द्रराज खेताला

१. हरेक कुराको आफ्नै एउटा असीमित परिधि हुन्छ र त्यो परिधिभित्र नै त्यसको अस्तित्व सीमित भएर रह्यो भने त्यो व्यावहारिक हुँदैन भन्ने मेरो आफ्नो धारणा छ । तर, शायद कुनै कुनै बेला उमेरको कारणले, जब मानिस आफ्नो अतीतका पाना पल्टाएर हेर्न लोभ संवरण गर्न सक्दैन त्यो बेला ऊ त्यस परिधिभित्र नै सीमित भएर रहन आनन्द मान्छ, आफ्नो जीवनको विशाल परिधिको उसलाई कुनै वास्ता रहँदैन । त्यस्तै आजकाल मलाई हुन थालेको छ । म आफ्ना अतीतका उज्याला रङ्गीन शैशवका पन्ना पल्टाई तिनलाई पढ्दै आनन्द लिने गर्छु । त्यसबेला मलाई लाग्छ 'म जस्तो धनी र सुखी कोही छैन ।' मेरो त्यो बेलाको संसार रबिनसन क्रुसोको टापु जस्तै थियो । म नै त्यो टापुको हर्ताकर्ता र एक छत्र सम्राट थिएँ । म एउटा विश्व विभूति थिएँ किनभने भोक–प्यास, निद्रा, खेल आदि आफ्ना थिए र नून–तेलको परिचय पाइसकेको थिइन यद्यपि नून तेल मेरा सुस्वादु भोजनकै अभिन्न अङ्ग थिए । नून कहां पाइन्छ, तेल कसरी बनाइन्छ, धान (चामल) खेतमा फल्छ वा भकारीबाट त्यसै ओइरिन्छ त्यसको कुनै चासो थिएन । आफ्ना पराईमा भेद थिएन, अनि रिस, ईर्ष्या र डाहा थिएन, केवल कुनै कुनै बेला खेलमा सामान्य झगडा हुन्थ्यो तापनि छिन्न मध्यस्थताको आवश्यकता पर्दैनथ्यो, हामी आफै मिल्थ्यौं, शीत वा द्वन्द युद्ध हुँदैनथ्यो । त्यसैले मलाई आफू त्यो बेला अति नै सुखी थिएँ भन्ने लाग्दथ्यो किनकि शैशवावस्था नै त मनुष्य जीवनको सबभन्दा मूल्यवान् अवस्था हो । त्यो अवस्थालाई नै मैले माथि उल्लेख गरेको 'परिधि' नामको संज्ञा दिएको हुँ । आज मेरो त्यो अवस्था छैन, म त्यो परिधि नाघेर धेरै धेरै अगि बढिसकेको छु र आज आफूलाई अर्कै रूप, वय र अवस्थामा पाएको छु । आज मेरा कपाल र विचार सबै पाकेका छन्, उमेरमा प्रगति भयो । सामाजिक, धार्मिक राजनैतिक र आर्थिक बन्धन भित्र बाँधिएको आजको म नून–तेलको परिधि बाहिर जान सक्दिन । गर्न हुने र नहुने, भन्न हुने र नहुने कुराले तगारो लगाएको छ किनकि धेरैले पाकेको कपाल देखेर 'खली खाएको' भन्न थालेका छन् । एकजना साथी भेट भए पिच्छे भन्ने गर्छन्– खेताला तेरो टाउको त सगरमाथा बन्यो । हुन्थ्यो सगरमाथा जस्तै उच्च बनिदिएको भए

वा बनाउन सकेको भए, तर त्यो सगरमाथा कहिल्यै झुक्दैन. कहिल्यै गल्दैन जब कि मेरो यो टाउको बराबर झुक्छ, गल्छ। त्यसैले पनि मन नलागी नलागी मैले आफूलाई प्रौढता तिरबाट बुढ्यौली तिर लागेको सम्झनु पर्छ, तर मानिसको मन र इच्छा न हो, जो सधैं बलवान् रहने गर्छ।

२. आज म एकपटक फेरी आफ्नो मानस पटलको फोकसलाई, आफ्ना व्यतीत भूत वा अतीततिर लगाई एउटा चित्र उतार्ने प्रयास गर्दछु। गर्मीको बेला, तराईको ठाउँ, झमक्क रात परेपछि, हामी केटाकेटी शीतल ताप्न आँगनमा ओछ्याइएको चटाईमा बस्थ्यौं। कुनै कुनै दिन हाम्रो त्यो सानो बालगोष्ठी मा बज्यैहरू वा आमाहरू पनि बस्नुहुन्थ्यो। हामी आकाशतिर हेर्थ्यौं र साना-ठूला ताराहरूबारे विभिन्न प्रश्न गर्थ्यौं। आकाश गंगाबारे सोढ्थ्यौं। अनि ताराहरू खसेको देखेर र जुनेली रातमा उज्यालो प्रकाश छर्ने चन्द्रमाको बारे जिज्ञासा राख्थ्यौं। तर यथार्थमा कुनै बेला हाम्रो जिज्ञासाले खुराक पाउँथ्यो भने कुनै बेला त्यसै चाउरिइन्थ्यो। चन्द्रमाको बीचमा रहेको बान्की नपरेको नाक मुख र आँखा जस्तो बान्कीलाई देख्दा के के जस्तो लाग्थ्यो, कान नभएको बुच्चे जस्तो। तर मेरी बज्यै भने चन्द्रमाको त्यो दागलाई 'कल्प वृक्ष हो' भन्नु हुन्थ्यो। उहाँको भनाई अनुसार त्यस कल्प वृक्षबाट इच्छित फल पाउन नै त मेरी आमाले पूर्णिमाको दिन चन्द्रमाको पूजा गरेको रे। तर त्यो कल्प वृक्षले आमालाई केही फल दियो वा दिएन त्यो मैले कहिल्यै थाहा पाइन। मलाई भने मेरा कल्प वृक्ष रूपी आमा-बाबुले मेरो त्यो शैशव कालमा नाना, चाचा र पापा दिएका थिए त्यसैले आकाश त्यो भेट्न नसकिने उदाउँदो, र अस्ताउँदो कल्प वृक्षको बास्ता रहेन। त्यस्तो शैशवावस्था मेरो मात्र होइन, सबैको हुन्छ होला, किनभने अभाव ग्रस्त परिवारका मेरो त्यो बेलाका बाल संगातिले पनि त आफ्ना आमा बाबुलाई कल्प वृक्ष नै सम्झिएका होलान् तब किनभने पाउन नसकिने कुरा को पनि असमय फर्मायिस गर्दथे, जब कि असमयमा काल्पनिक कल्प वृक्षले पनि इच्छित फल दिन सक्दैन।

३. दिन-रात र शिशिर-बसन्त गर्दै कैयौं वर्ष बिते, गए। संस्कार र सम्झना भने अझ जीवितै छ। म उही हुँ तर उस्तै छैन। मेरो नेपाल र नेपालको माटो उही हो तर उस्तै छैन किनभने समयले गर्दा परिवर्तन आइसकेको छ। म जुनबेलाको कुरा लेख्न लागेको छु, त्यो बेला चन्द्र शम्शेरको अवसान र भीमशम्शेरको उदयको दोसाँध थियो। अनुदार निरंकुशताको बोलबाला थियो। हामी तराइको एउटा गाउँमा थियौं। बिस्तारो बिस्तारो राणाशासन रूपी राहुले हामीलाई पनि आफ्नो पञ्जामा समेट्ने तरखर गर्दै थियो। त्यो बेला म ६ वर्ष मात्र थिएँ। घटना थियो सूर्य दर्शन र यस घटनाको प्रमुख पात्र थिइन् एक बुढी बज्यै, मेरी साइला वा कि सासू, जसका आफ्ना छोरा थिएनन् र एक मात्र छोरी-साँइली आमा कहाँ आएर केही समयको लागि बसेकी थिइन्, पश्चिम एक नम्बर जिल्ला अन्तरगत पर्ने किर्तेप गाउँको आफ्नो घर छोडेर। १९८६ सालको जाडोमा म एकपटक किर्तेप ती बज्यैको घरमा आफ्नी आमासँग पुगेको छु र दुई रात बसी बज्यैले पकाएको भात खाएको छु, उनको माया र स्नेह पाएको छु र

सुलुभन्दा अघि बाबलो मनताको गाईको दूध पिएर निडाएको छु । आज उनी अनन्तमा विलीन भैसकिन्, तर मेरो त्यो बेलाको सम्झना भने जीवितै छ ।

४. सूर्य दर्शन–शायद यो पनि हठयोग भित्रकै एउटा योग हो कि ? म आज सकिन कितमने आज सम्म म योगसँग परिचित छैन यद्यपि नाम सुनेको छु र कतै कतै केही पढेको छु । बुढो बज्यै नित्य भोजन गर्नु अघि सूर्य दर्शन गर्दैथिन् । अर्थात् सूर्य दर्शन नगरी उनी विहानको भोजन गर्दैनथिन् । आज उनी यो संसारमा छैनन्, अनन्तमा विलीन भइसकिन र उनको सूर्य दर्शन पनि उनी सँगै विलीन भयो, केवल झीनो संस्कार मात्र यहाँ बाँकी छ, त्यो पनि मेरो मानसमा मात्र । म पनि सम्झने थिएँ वा थिइनँ; त्यो सम्झना गराउने एउटा कडीले गर्दा मात्र मैले सम्झेको हुँजस्तो लाग्छ त्यो हो बराबर उनीबाट पाउने गरेको बढ्दम जर्जको टाउको भएको तामाको एक पैसा– दक्षिणा । एक पैसा, ८६, ८७ सालतिरको कुरा कस्तो रहेछोस्, कति मूल्यवान् थियो होला एक ५, ६ वर्षको बालकको लागि त्यो एक पैसा । आजका हाम्रा सन्तान पाँच रुपियाँ पाउँदा नाक चेम्प्राउछन् र भन्छन्– जावो पाँच रुपियाँ । एक पैसाको माई-मुरई वा चना– भूजा– केटाकेटीको खाजा । हो म बज्यैबाट बराबर एक पैसा पाउँथें, म मात्रै किन करीब करीब मेरै वयकी; तर साइला वा कि एक मात्र छोरी त्रिपुरा, जो आज यो भौतिक संसारमा छैनन् उनी पनि एक पैसाकी हकदार थिइन् मैले जस्तै एक पैसा पाउँथिन् बज्यैबाट, तर त्यो दक्षिणा पाउने मौसम हुन्थ्यो वर्षा । झरीको बेला जब कुनै कुनै बेला हप्ता दिनसम्म सूर्य गायब रहन्थे ।

५. अगि अगि के हुन्थ्यो त्यो राम्रो थाहा छैन । तर जुन बेलाको वा वर्षको म यहाँ वर्णन गर्न लागेको छु, त्यो वर्ष साँच्चै नै ती बज्यैलाई आफ्नो त्यो सूर्य दर्शन सम्बन्धी हठयोगले झण्डै ज्यान दिनु परेको थियो । त्यसैले म यसो विचार गर्छु उनको त्यो सूर्य दर्शन मित्र के वास्तविकता लुकेको थियो त्यो उनी बाहेक अरू कसैलाई थाहा भएन । स्वयम उनैकी छोरी मेरी साइली आमालाई पनि आमाको यस्तो धार्मिक–हठवादिता मन परेको थिएन । तर के गर्ने, कान नसुन्ने एक वृद्धाको कुरा परेकोले कसैले केही भन्ने र बोल्ने ठाउँ थिएन । मलाई १९८६ सालको वर्षातको मौसम त्यो पनि साउनको मध्य झरीको समय जस्तो लाग्छ । हुन पनि त्यो वर्ष निकै वर्षा भएको थियो र झण्डै एक हप्तासम्म झरी लागेको लाग्थ्यो र बज्यैले मात्र होइन हामीहरूले पनि सूर्यको दर्शन पाएनौं । बज्यैले सूर्यको दर्शन नपाएको दोस्रो दिन थियो, मलाई र त्रिपुरालाई बोलाएर भनिन्– बाहिर ओसारामा बसेर तिमी दुईले हेरिरहु नं । सूर्य निस्किएपछि मलाई बोलाउनु म दर्शन गर्न आउँछु । म तिमीहरूलाई एक एक पैसा दिन्छु । बज्यै अगिल्लो दिनदेखि भोकै थिइन त्यसैले उनको त्यो आज्ञा मान्नु जरूरी थियो । त्यसमा पनि पैसाको लोभ, 'एक पैसा' कति ठूलो कुरा । हामी दुई बस्यौं आकाशतिर आँखा लगाएर । पानी बसिरहेकै थियो सूर्य कतातिर छन् त्यो पनि थाहा थिएन तापनि हाम्रा आँखा भने आकाशतिरै थिए । समय कति भयो त्यो त हामीलाई के थाहा र तर भोक लागेकोले भात खाने बेला भए जस्तै लाग्दथ्यो । एकातिर भोक अर्को तिर पैसाको लोभ, हामी दुई बीचमा थियो । दुवै

एकले अर्कालाई हेर्थ्यौं र फेरि ठूंडा पुग्ने आकाश तिर । सूर्य भने कता छन् क्यै पत्तो बिएन ।

६. बज्यैले भित्रबाट सोधिन– 'अझ सूर्यनारान देखिएनन् ?' हामीले भन्यौं– 'खोई आमा, सूर्य त आउदै आउन्न हामीलाई भोक पनि लागि सक्यो ।' 'तिमीहरू भात खान लाग्दा सूर्यनारान उदाए भने कसले मलाई बोलाइदिन्छ ? त्यसैले एकछिन नखाई बस ।' दुवैले सल्लाह गर्यौं– 'के गर्ने ? भात खान जाने कि त्यसै बस्ने ?' सल्लाह मिल्यो– 'एक छिन भोको बस्न परे पनि पैसा त छोडनु हुन्न ।' तर त्यो दिन सूर्यनारान देखिएनन् । हामी धेरै बेर सम्म बस्यौं भोकै, तर पेटले बस्न दिएन र भान्सातिर लाग्यौं । भान्छे दुर्गादत्तले हप्पारे– 'यस्तो अबेर किन गरेको ।' मितलाई भोक पनि लाग्दैन कि क्या ।' हामीले त त्यो दिन अबेरै भए पनि खायौं, तर बज्यै चाहि भोकै परिन् किनभने त्यो दिन सूर्यले यो पृथ्वीमा पदार्पण गरेनन्– बूढी बज्यैको शब्दमा । भोलिपल्ट फेरि उही प्रक्रया शुरू भयो । बल्ल बल्ल आकाशमा बादल अलिकति फाट्यो सूर्यको केही झल्को पाईने आभास देखा पर्यो । हामी दुवैले ढोकामा गएर बोलायौं– 'आमा, ए आमा सूर्य देखिए आउनुहोस् ? एक त बूढा बूढी मान्छे दोस्रो तीन दिनकी भोकी भित्रबाट बाहिर निस्कंदा निस्कंदै सूर्य लोप भए । फेरि वर्षा शुरू भयो झर–झर झर–झर । बूढी बज्यैले निदारमा हात राखी भनिन् 'आज पनि खानु लेख्या छैन ।' भित्र पसिन् । पैसा हात नलाग्ने भएकोले हामी निराश भयौं ।

यो क्रम, वास्तवमा कति दिन चल्थ्यो होला, तर सूर्य नारानलाई बूढी बज्यै प्रति दया उठेछ क्यारे सातौं दिनको दिन बल्ल आकाश केही उघ्रियो, सूर्य देखा परे हाम्रो मुख उज्यालो भयो । हामीले बोलायौं तर बूढी बज्यै आफै आउन सकिनन् । साइला बालाई बोलायौं । उहाँ आउनु भयो र बूढी सासूलाई खाटबाट जुरुक्क उचाली ल्याएर ओसारबाट सूर्य दर्शन गराई दिनु भयो । उनी बोल्न सक्ने अवस्थामा थिइनन् । दुइ हात जोरेर नमस्कार गरिन् अनि सान गरेर हामीलाई भित्र बोलाइन । भित्र पुऱ्याएर खाटमा पल्टिएपछि सिरान मुनिबाट पैसा झिकेर झीनो हातले एक एक पैसा दिइन् । त्यो बेला उनको आँखामा आँसु थियो भने हाम्रो आँखामा चाहि एक एक पैसाको चमक । सूर्य दर्शनको खुशी बढी हामीलाई भयो भा उनीलाई त्यो तपाईंहरू नै छुट्याउनु होस् ।

(पुराना सम्झनाका पत्रबाट)

नयाँ वर्ष आयो

–राजेन्द्र राना मगर

उषाकालिन चिरबिर चरीको गीतले
अंकुर अनि बिरुवाहरूको पातले
वायुको छाल संगै नयाँ बहार ल्यायो
नयाँ वर्ष आयो ! नयाँ वर्ष आयो !!
वर्ष भरिको धूलो मैलो उडायो चैते हुरीले
अब त आयो नयाँ बहार नौलो उमङ्ग
झुल्के घामको सुन्दर प्रकाशले
नयाँ जिन्दगीको आभास छायो !
खेत बारीमा काम गरिरहेका सबल भुजाले
ढाँफे र कोइलीका सुमधूर स्वरले
नयाँ वर्षको शुभ सन्देश फैलायो
नयाँ वर्ष आयो ! नयाँ वर्ष आयो !!

कथाकारको रुपमा कोइराला र 'दोषी चश्मा' कथा

–रामप्रसाद दाहाल

"म राजनीतिमा समाजवादी हुँ भने साहित्यमा अराजकतावादी । कला साहित्य मानिसको अन्वेषण प्रवृत्तिको अभिव्यक्ति हो । कला सुरक्षा चाहँदैन स्वतन्त्रता चाहन्छ ।"

–बी. पी. कोइराला

"कथागत कार्यकारणको श्रृङ्खला तयार पार्ने कोइरालालाई फ्रायडिप मनोविश्लेषण, इब्सेनको नारी समस्यागत दृष्टि, कामुको अस्तित्ववादी चिन्तन र चेखवको शैलीले निकै ठूलो प्रभाव पारेको छ ।"

–गोपीकृष्ण शर्मा

आधुनिक नेपाली कथा साहित्यमा देखापरेका विश्वेश्वर प्रसाद कोइराला राजनीति र साहित्य दुवै क्षेत्रमा महत्वपूर्ण योगदान दिन पुगेका छन् । साहित्यसाई अराजकतावादी कला र मानिसको अन्वेषण ठान्ने कोइरालाले "दोषी चश्मा" कथा संग्रह प्रकाशित गराई नेपाली कथा परम्परामा चलिरहेको सामाजिक कथावस्तु र सामाजिक दायित्व बोधको भावनालाई मोडेर मनस्तत्व र यौनको सूक्ष्म विश्लेषण गर्ने परिपाटीमा आफ्नो कथाकारिताको क्षेत्र निर्धारण गर्न पुगे । वि. सं. १९९२ सालमा "चन्द्रवदन" जस्तो कथा लेखी मनोवैज्ञानिक परम्पराको नयाँपन ल्याए । वास्तवमा कथाकार कोइरालाको कथाकारिताको क्षेत्रलाई हेर्दा फ्रायडको मनोविश्लेषण, कामुको अस्तित्ववादी चित्रण र चेखवको शैलीलाई समेट्न पुगेको पाइन्छ । यस अर्थमा "दोषी चश्मा" कथा संग्रहमा संकलित कथाहरू पढ्दा कथाकार कोइरालाका निम्नलिखित विशेषताहरू देखिन्छन् ।

(क) मनोविश्लेषणात्मकता:– सिद्ध कथाकार कोइरालालाई निचोर्दा भेटिने महत्वपूर्ण विशेषता मनोविज्ञान हो । मनोविश्लेषण पद्धतिकै आधारमा पात्रहरूको चिन्ता, मानसिक शिथिलता, विषाद जस्ता रोगबाट ग्रसित पक्षहरूलाई विश्लेषण गर्ने काम कोइरालाले गरेका छन् । त्यसैले यौनाचार सम्बन्धी सूक्ष्म विश्लेषण पट्टि उन्मुख हुने मिनका कथाहरू

भित्र यौन अतृप्ती, दमन, विकृतिहरू ज्यादै टङ्कारो रूपमा व्यक्त भएका छन् । जस्तै:– पवित्रा कथामा पवित्राले मालिक प्रति प्रेम दर्शाउनु, कर्णेल्नी ले घोडा प्रति ज्यादा स्याहार गर्नु, पण्डितजी बौलाउनु जस्ता व्यवहारहरू कथामा उतार्नु कथाकार कोइरालाको मनोविश्लेषण हो ।

(ख) असामान्य मनोविज्ञानका विश्लेषक:– कोइरालाका कथाको अर्को विशेषता विकृत मनोविज्ञान हो । व्यक्तिका चेतन, अचेतन र अवचेतन तीनतह मध्ये अचेतन मनस्थितिको विश्लेषण मनोविज्ञानमा आधारित हुने भएकोले अचेतन मनद्वारा नै मान्छेको आचरण, व्यवहार, चरित्र र स्वभाव थाहा हुन्छ । त्यसैले अचेतन मनस्थितिको विकृति पक्षहरूलाई कथामा उतार्न कोइराला सफल भएका छन् । उनका कथाका पात्रहरू मनरोगी छन् । चिन्ता, हीनताग्रन्थी र विक्षिप्तीद्वारा थला परेका छन् । जसलाई नियाल्दा पवित्रा, कर्णेल्नी असामान्य चरित्रका नारीहरू हुन भने हरिदत्त, पण्डित बाजे महानता ग्रन्थीले भरिएका विकृत पात्र हुन् । यसरी असामान्य मनोविज्ञानलाई कथाभित्र सहज रूपमा उपस्थित गर्न सक्नु कोइरालाको अर्को विशेषता हो ।

(ग) सूक्ष्मता र सहजता:– कथाकार कोइरालाका प्रत्येक कथाहरूमा सूक्ष्म रूपले पात्रहरूको विश्लेषण गरिएको हुन्छ । उनका कथाको सूक्ष्म अध्ययनको निष्कर्षले यौनको सूक्ष्म विश्लेषण, सामाजिक परिवेश र नैतिक सन्देशको एकातर्फ संकेत गर्न पुगेको हुन्छ भने अर्कातिर सामाजिक असमानता दास प्रवृत्ति, आर्थिक बाध्यता, मानसिक क्रिया, प्रतिक्रिया खोतलिएको हुन्छ । यो उनको सूक्ष्म निरीक्षण गर्न प्रवृत्ति हो । यस किसिमको सूक्ष्म निरीक्षण गरिएको कथामा पनि सहजता रहेको पाइन्छ । असामान्य चरित्रको निर्माण गरेर पनि सहज रूपमा कथाहरू प्रस्तुत गर्न सक्नु कोइरालाको विशेषता हो ।

(घ) सार्वभौमिक पात्रहरूका प्रयोग कर्ता:– कथाकार कोइरालाका कथा सीमित परिवेश र जातिको घेरा भित्र बाँधिएका छैनन् । सिङ्गो समाजलाई नै समेट्न सक्ने उनका पात्रहरू विशाल परिवेशमा हुर्कन पाएका छन् । सार्वभौमिक चरित्रको चित्रण कर्ता कोइरालाका पात्रहरू नेपालमा मात्र हैन अन्तर्राष्ट्रिय परिवेशमा पनि भेट्न सकिन्छ । चाहे "दोषी चश्मा" को केशवराज, "यात्रु" को कृष्ण होस् प्रायः सबै पात्रहरू नेपालकै प्रतिनिधित्व गर्ने नेपाली पात्रहरूमात्र नभई जहाँ तहीं भेट्न सकिने सार्वभौमिक पात्रहरू हुन् ।

(ङ) नारी समस्याका विश्लेषक:– कथाकार कोइरालाका कथाभित्र नारी समस्याको उद्घाटन विशेष रूपमा गरिएको छ । हुनत सामाजिक समस्याको समाधान गर्ने काम समाजशास्त्रीको हो कथाकारको होइन । तर पनि कथाकारले समस्या प्रति दृष्टि दिने काम गर्दछन् । कोइरालाले पनि नेपाली वातावरणमा देखिएका नारीहरूका उत्पीडनहरूलाई चित्रण गरेका छन् । उनका कथा भित्र कर्णेल्नी यौन समस्याबाट ग्रस्त देखिन्छे भने मैयाँ साहेब उमेरमै विवाह हुन नसकेकीले दुःखीत छे । यसरी समाजको अनमेल विवाह वरायसी सम्बन्धको असन्तुलन जस्ता पक्षहरूको चित्रण गरी नारी समस्यालाई उद्घाटन गर्ने काम गरेका छन् । वास्तवमा चेर्लबेर्टको समस्या उनका कथामा मनोवैज्ञानिक माध्यमले उद्धृत भएका छन् ।

(च) साहित्यिकता र कलात्मकता:– कथाकार कोइरालाका कथाहरूमा मनोविश्लेषणात्मकता हुँदा–हुँदै कलात्मकता पाइन्छ। वास्तवमा कथाका तत्वहरूको सन्तुलन नै कलात्मकता हो। वास्तवमा कथाको बनोट या बुनोट गर्ने तत्व कथाको संरचना भएकोले यो सुगठित हुनु पर्दछ। यस आधारमा हेर्दा कथाकार-कोइरालाका कथामा बनोट र छनोट दुवै पक्षहरूलाई ध्यान दिएको पाइन्छ। उनका कथाहरूको भाषा अर्थपूर्ण र बोलचालको छ। उनका कथाहरूमा ज्यादा जसो तत्सम शब्दहरूको प्रयोग पाइन्छ। मितव्ययिता र अर्थपूर्ण शब्दहरूको प्रयोग गर्न कथाकार सफल छन्। बौद्धिकतामा जोड नदिई चेखवको झैं थोरैमा धेरै कुरा पाठकलाई बताउने कला यिनको भाषा शैलीमा पाइन्छ।

कथाकार कोइरालाका विभिन्न कथाहरूमध्ये अति प्रभावशाली कथा "दोषी चश्मा" हो। कथाको र कथ्य दुवै दृष्टिले पूर्ण यो कथामा चेखवको "वैदार को मरण" भन्ने कथाको टङ्कारो प्रभाव पाइन्छ। यो कथा नायक केशवराजमा केन्द्रित छ। कथाको मुख्यपात्र केशवराज भए पनि कथामा संघर्ष वा कथानकको विकास गर्न चश्मा आएको छ। जुन चश्माले यस कथामा चरम ल्याएको छ। संघर्ष विकास र चरम आउने कुरालाई ध्यान दिएको यस कथामा चश्मा र चाकरीको प्रवृत्ति संघर्ष वा विकासका आत्मा बनेका छन्। केशवराजले जर्साबलाई चाकरी गर्न जाँदा नभेट्नु, भेटेको बेला चश्माले नदेख्नु दुई कुराहरू नै कथाको कारकतत्व भएका छन्। यसरी गहिरियर हेर्दा चश्मा ठीक भएको भए चाकरी गर्ने प्रवृत्तिको सन्तापमा कमी हुने, चाकरी प्रवृत्ति ठीक भएको भए चश्माको केही मतलब नरहने थियो। यस दृष्टिले हेर्दा "दोषी चश्मा" कथामा कथाको अनुकूल हिड्ने (प्रोटागोनिष्ट) खल चरित्र (एन्टागोनिष्ट) दुई तह देखिन्छ। यसमा घटना अनुकूलको चरित्र केशवराजको देखिनु र खल चरित्रको रूपमा जीवित व्यक्ति नभएर पनि चश्माले ठूलो भूमिका खेलेको छ। कथाको उद्देश्य व्यक्ति विशेषका चरित्रलाई विश्लेषण गर्नु नभै समाजमा बढ्दै गैरहेको चाकरी प्रथा र त्यसका विकृतिहरूलाई देखाउनु छ। जसले गर्दा चाकरी गर्न नपाएर पनि केशवराजमा मानसिक द्वन्द उत्पन्न भएको छ। जर्साब प्रति मैले नमस्कार गर्न सकिन भनेर चिन्तित हुने केशवराजले माफी माग्नु उसको मानसिक द्वन्द्व शिथिल हुनु हो। त्यस पछि उसमा हीनत्व ग्रन्थीबाट पीडित भै जर्साबलाई स्वस्ती गर्न नसक्नु आफ्नो ठूलो अपराध सम्झन्छ। अपराध नगरेर पनि गरेको महसूस गर्नु त्यसको हीनत्व ग्रन्थीको फल हो। घरमा पुगी सकेपछि श्रीमतीले भात पकाउन विलम्ब गरेको झोकमा उसप्रति उठेको रिस देखदा श्रीमती डराउनु झन्दा छक्क परिन्। यी कुराहरू हीनत्व ग्रन्थीको व्यापकता मात्र सकिन्छ।

कथाभित्र मनोवैज्ञानिकताको साथै सामाजिकता तिखर रूपमा रहेको छ। चाकरीबाजको दुर्दशा दुई दिन भित्रै केशव राज दुब्लाएको देखाइ यस्तो प्रवृत्ति राम्रो होइन भन्न खोजिएको छ। यस प्रकार केशव राजको चश्मा बदल्न नसक्नु आर्थिक समस्या हो भने चाकरी गर्न जानु सामाजिक समस्या भएको छ। जे होस यस कथाले नेपाली समाजको तत्कालीन समयको चाकरीबाज प्रथालाई एकातर्फ देखाएको छ भने अर्कातर्फ यो समाजलाई समाप्त पार्न नसकिने हुँदा नायक हीनत्व ग्रन्थीले भरिए पनि जिउँदो रहेको छ। कथाको शीर्षक सार्थक छ। कथाकार कोइरालाको यस कथामा पक्ष, रचना विधा महत्वपूर्ण रहेको छ।

गजल

–बासुदेव अधिकारी

भोक लाग्यो र यो देशले तिमीसित रगत माग्यो
निन्द्रा जाग्यो र यो उसले पोल्टाभरि चहक माग्यो

अघिसम्म ऊ लोरीको अङ्गालोमा मस्त निदाइरहेथ्यो
भ्रमको परेला च्यात्यो र यो उसले आफै चहक माग्यो

पाखुरा बजिरहेको देखी आमावस्या सुस्त हिड्दा
ऊ रमायो र यो उसले बस्ती पाखुराको लगत माग्यो

जब्बर फलाम पगाल्न चाहिएर भर्भराउँदो आगो
तिमीसंग देशले अठोट फगत अठोट माग्यो

निन्द्राको बोटको सेप लागेकोले आफैबाट अहिले
चीसो निखार्न उसले एक बटुको तातो गहत माग्यो

धादिङ

भाका र भावना

–प्रमोद स्नेही

सविता जस्तो दिव्य चहकिलो
कवितामा नै भाव रसीलो
बुझ्दछन् सबले अनेक अर्थना
कविले कोर्छ एउटै भावमा
कहिले पुग्छ पर्वतको पाखामा
कहिले पुग्छ हिमालयको काखामा
केवल भावनामा दौडन्छ कवि
जाहाँ सम्म पुग्दछ रवि

खै के दिउँ शुभकामना

दिनेश प्रसाद भैनाली

लेकमा लाली गुरांस र सुनगाभा फुल्न नपाउँदै
हिउँ पग्लन थालेछ,
कोर्शीले सूजनाको रस बोक्न नपाउँदै
फाँटमा हरियाली हराएछ
खोइ कसरी आउने हो नव बसन्त
नयाँ नयाँ चाहना बोकेर
खोइ कसरी आउने हो, सिमिरे विहान
प्रभाती किरणलाई बोकेर
हुन त हिजो पनि, हिजोको हिजो पनि
त्यसरी नै आउँछु भन्थ्यो नव बसन्त
अब पनि त्यसरी नै आउँछु भन्छ होला
एकचोटको बेइमानीले सारा विश्वास गुम्छ
म पनि यस्तै चपेटामा परेको
विशाल इच्छा राख्ने मान्छे
तितेपातीको छाप्रो भित्र पसेर
सुन्दर महलको कल्पना गर्ने मान्छे
नयाँ वर्ष केही भएर आओस भनेर
मन्दिरमा एक लाख बत्ती बाल्दा पनि
वेद र पुराणका किताब पल्टाई चिच्याउँदा पनि
परिणाम सुन्ये छ
आरोह प्रत्यारोह सदा उस्तै छ
खै कसरी आउने हो नयाँ वर्ष !
खै कसरी आउने हो नयाँ हर्ष !

–काठ्रे

एउटा जीवनको अन्त्य

—केशव थापा

अघि पछि सधैंको भन्दा हर्षित चेहरा लिएर सुब्बा देवकृष्ण आज डेराभित पसेका छन् । देवकृष्ण-लाई यस्तै खुशी आज भन्दा पाँचवर्ष अगाडि हिउँदको साँझमा लागेको थियो । त्यसबेला देवकृष्ण सरकारी खरदारबाट प्रमोशन भएका थिए । भनौ उन्को दर्जा बढेको थियो, मान बढेको थियो । तलबको स्केल बढेको थियो, कट्टा हुने संचय कोषको रकम बढेको थियो । यो भन्दा पनि उनको रवाफ बढेको थियो, स्फूर्ति बढेको थियो । उनी भित्रका महत्वाकाँक्षा बढेका थिए । भावी सपनाको क्षेत्र बढेको थियो । आज उनी प्रमोशन पाएर रमाएका होइनन्, न त हाकिमबाट निगाह प्राप्त भै ग्रेड पाएर । न त कर्तबाट पुरस्कार र इज्जत पाएर नै उनी रमाएका हुन । उनी त केवल आफूले चाहेको दोबाटोमा महंगो नै भए पनि पसलको कवल पाइयो भनेर दङ्ग परेका हुन् ।

खाजा बनाएर सुब्बालाई दिइ सकेपछि सुब्बेनी बेलुकीको भान्सा तयार पार्न व्यस्त रहिन । एक्लै त्यतिकै बस्न असजिलो लागेर होला बीना पनि आमाको काम सगाउन, थालिन । देवकृष्ण आफ्ना आँखा गोरखापत्रका हरफमा कुदाउँन थाले । तर जति नै आँखा च्यातेर पत्रिका पढे पनि उन्को मगजमा अर्हे केही पनि घुस्न सकेको थिएन । 'असाध्यै हर्ष र चिन्ताको बखत मान्छेले पढेको केही पनि बुझ्दैन' भनेको सत्य जस्तो लाग्यो सुब्बालाई । बरु आँखा वरी परी त्यही पसलको कवल, त्यो चोकमा आवत जावत गर्ने मानिसको हुल, आफू साहुजी बनेर सामान बिक्री गरिएको दृश्य, "यो दिनोस, उ दिनोस साहुजी" भन्ने मानिसको हुल उन्को आँखा अगाडि नै उभिइ रहेको थिए । "एक मिनेट" भन्दै ग्राहकलाई अलमलाई रहेको कल्पना गर्दै मीठो तन्द्रामा आफूलाई हराइ रहेका थिए । स्टोभको आवाज पनि आज देवकृष्णलाई पहिले पहिलेको झैं तनिको लागिरहेको थिएन । बेला बेलामा शशीका हातका काँचका चुरा बजेर निकलेको आवाज त झनै संगीतमय लागिरहेको थियो । शायद बीना त्यहाँ नभएको भए सुब्बाले आज आफू सोन्ह वर्षे लक्का जवान बनेर शशीलाई पेट भरी माया गर्ने थिए होलान् ।

खाना खाए पछि बोर्डिङ जाने केटाकेटीको पढाइमा आज सुब्बाले मन लगाएकाले ती अघि नै निदाई सकेका थिए। बीना मुना मदनको किताब लिएर पढ्दै थिइन। भर्खर भाँडा माझिसकेको त्रिसो हात तौलियाले पुछ्दै शशी सुब्बाको गोडामुनि उभिइ-रहेकी थिइन। सुब्बा आँखा झिम्म पनि नगरी शशीलाई क्वाक्वार्ती हेरिरहेका थिए। शायद देवकृष्ण को अचुक निसानारूपी नेत्रबाणले घाइते भएर होला शशीको आङ जिरिङ्ग जिरिङ्ग हुँदै थियो। शशीलाई भित्र कता कता असजिलो भएको महसुस भैरहेको थियो। सुब्बाले पल्टेको पल्टै मुख फोरे, "शशी! त्यहीं पर चोकमा दोकानको कवल भेटियो, यहाल महीनाको पन्ध्र सय रे, कवल त ठूलै छ, संचयकोष नभिकी त्यहीं गाउँबाट आएको पन्ध्र हजारको माल ताल ल्याएर राख्न पर्‍यो। विहान बेलुका म हेरि हाल्छु, दिउँसोलाई बीना छँदैछ, एक दुई महीना पछि त तिमीलाई पनि मालको मोल याद भै हाल्छ। पसलमा बस्दा आफू अलि चतावो रहनु पर्छ। किन-मेल गर्न आउने संग सकौं फर्को गर्नु हुन्न, हाँसिरै पठाउनु पर्छ। जाने बेलामा आउँदै गर्नोस भनेर नम्रतापूर्वक विदा दिनु पर्छ। आखिर यही न हो बिजनेस पोलिसी (व्यापार गर्ने काइदा)।"

एक साँझ देवकृष्ण ठूलो बहिखाता पल्टाइ हिसाब गर्न व्यस्त थिए। यसै बीच एक्काईस वर्षका लागे खाइलाग्दा तीनजना "साहुजी! ट्रिभल फाइव (५५५ चुरोट) तीनवटा दिनोस त" भन्दै पसलभित्र उक्ले। बीना उहाँहरूलाई चुरोट टक्याउन' भन्दै देवकृष्ण आफ्नो कार्यमा तल्लिन रहे। ती केटाहरू आफ्नो अनुहार भरी कामुकताको रङ्ग पोतेर बीना तर्फ दुष्ट हेराई हेरिरहेका थिए। ती मध्ये पनि बीचको युवक त बीनालाई आँखाको सानले छेडछाड गर्ने प्रयत्न गर्दै थियो। यतिकैमा बीनाले माथिबाटै केटाको हातमा पर्ने गरी चुरोट राखिदिदा जानाजान भूईमा खसालेर 'के गरी दिया बहिनी?" भन्न पुग्यो। बीनाले चुरोट टिपेर पुनः दिइन। पैसा दिदा पनि त्यसले हातै छुने गरी जोडले लम्काएकाले बीनाले माथिबाटै छोडीदिइन। 'छन्द्रङ्ग' गर्दै पैसा भूइमा बजारिए। "के हामी दमाई, कामी हौं? यसरी हत्याइदिने साला! लउ तिम्रो चुरोट, बी डन्ट लाइक ईट (हामी यो मनपराउँदा)।" चुरोट फ्याँकेर आफ्नो बीसको नोट फिर्ता लीई ती अंग्रेजीबाट के के भट्याउँदै गए। "छोरी तैंले के गरेकी? हेर त ती रिसाएर गए, अब ती कहिल्यै हाम्रो पसलमा फर्कदैनन्। पैसा थपक्क हातमा दिया भए के बिग्रन्थ्यो र?" अघ्यारो मुख पार्दै देवकृष्णले छोरी-लाई हकारे। "म ती कम मापाका छन्! मैले ती बजियाहरूलाई चिनेको छैन र? अस्ति चुरोट दिदा मेरो हात तानेर कस्तरी चिमटे, फेरि तिनीहरूलाई हातमा दिनु? दुवा! बरू म लुगा सिउन, ऊन बेर्न सिक्छु पसलमा चाही बस्दिन बीनाले स्वर अलि सानो पारेर बोलिन्। बीनाको कुरालाई सुब्बाले त्यति ध्यान दिएनन्।

आधा घण्टा पछि दुवै बाबु छोरी पसल बन्द गरेर डेरा तर्फ फर्के। साना भाइबहिनी अघि नै निदाइ सकेका थिए। त्यो पलङ्गको छेउमा अलिकति ठाउँ खाली थियो बीनाको भाग। शशी केटाकेटीले

खाएको थाल पखाल्दै बीना र देवकृष्णको आगमनको प्रतीक्षामा बसिरहेकी थिइन। सुब्बा हात खुट्टा धुन भनी धारा तर्फ गएपछि अश्रुमिश्रित स्वरमा बीनाले आमालाई भनिन् "आमा! भोलिदेखि म पसलमा बस्न जान्न है! पसलमा आएका प्रत्येक केटा मलाई छेड छाड गर्छन्, चाहिने नचाहिने अनेक थोक बोल्छन्, माल दिंदा हात समातेर तान्छन्, अस्ति दिउँसो सुकनेत किन्न भनी आएको एउटा लफङ्गाले त बेसरी हात समातेर छाती गालामा टोकी दियो। आज पनि चुरोट किन्न स्वस्तै मानिस आए, बुबा पनि रिसाउनु भो। अब म एकचोक केही काम गर्छु पसलमा चाहीं एक दुई तीन बस्दिन, बुबालाई पनि भनिदिनोस् है आमा!" बीनाले एकै सासमा यो यावत कुरा भनी सिध्याइन। छोरीले अघि पनि यस्तै कुरा सुनाइ आज शन यस्तो। यी कुरा छिमेकीहरूले चाल पाए भने गन्हाएर टोलमा बस्नै नसकिने भावी परिमाण सम्झी शशीले बीनालाई आज उप्रान्त पसलमा नपठाउने मनमनै निधो गरिन्।

भात खाइ सकेपछि भाइबहिनीलाई अलि पर सारेर बीना ओछ्यानमा पल्टीन। आफ्नो कुमारीत्व-मा घेरैले डाडो गर्ने लागेको प्रत्यक्ष अनुभव भैरहेको थियो तिनलाई। आफू माथि आइ लाग्दो दिनानु-दिनको बढ्दो खतराले ठूलो दुर्घटना पार्नेछ जस्तो लाग्यो बीनालाई। गिनै डाह र छटपटी बीनाका छाती भरि मडारिइरहेका थिए। अघिपछि पल्टना साथ निदाउने बीनालाई किन हो कुनी आज हाइ सम्म पनि आएको बिएन। तर एउटै कोठामा सपरिवार बटाएपछि एउटा निश्चित समयमा आँखामा निद्रा नआए पनि निदाएको बहाना गर्नुपर्दछ बुझ्ने भैसकेका केटाकेटीले। यही कारणले होला बीना पनि सिरकले घुम्लुङ्ग छोपिई निद्राको प्रतीक्षामा रहन थालिन्। भित्तापट्टि फर्केर टोलाइरहेका सुब्बाको सिरक उचाल्दै "तपाई निदाइ सक्या?" भन्दै शशीले आफ्ना खुट्टा सिरक भित्र घुसारिन। "छैन' खै आज के भो, के भो!" भन्दै सुब्बा पनि हल्का मुस्कान साथ छेउ तर्फ फर्के। "आज पसलमा के भो भन्या, बुबाले गाली गर्नु भो भन्यो नी छोरी?" सुब्बाले साँझको घटना-क्रम बताए। "भात्तिएका बहुलाहरू" सुब्बेनीले आक्रोश व्यक्त गरिन्। "जे भए पनि हेर्नोस त उमेर पुगेकी छोरी, तरुनी भैसकी, दिन दिनै पसलमा यस्ता घटना बढ्दै गए भने बेइज्जत हुन्छ, बरु उसले भने जस्तै लुगा सिउने तालिम तिर लगाइ दिउँ पसलमा चाहीं नराखौं कुरा बुझ्नु भो हजुरले?" शशीले

जीवन

–चक्रपाणि गौतम

कोही भन्छन् जीवन पानीको फोका हो
जसको अस्तित्व क्षणभरमा विलीन हुन्छ
कोही भन्छन् जीवन यौवनको झोका हो
जो कहिले दीन–हीन त कहिले रङ्गीन हुन्छ
तर आजको परिवेशमा म त भन्छु,
न पानीको फोका हो न यौवनको झोका हो
यो त फगत् प्रकृतिको धोका हो
किनकि,
धर्म, दर्शन नैतिकता र उपदेशको आडमा
यहाँ त सधैं अपराध सङ्गीन हुन्छ।

–तानसेन–१० गैरागाउँ, पाल्पा

आफ्नो इच्छा जाहेर गरिन् । "शशी ! के भनेको तिमीले, त्यत्रो पन्ध्र–पन्ध्र हजार खन्याएर चलाएको पसल भर्सेलै परोस भनेर हुन्छ ? तिमी आफैं भन्छेउ 'तपाई र म बसेको बेला भन्दा बीना बसेको बेला पसलमा धेरै बिक्री हुन्छ ।' हाम्रो मावै हो र हरेक पसलमा सबैले तरुनी छोरी नै राख्नेका छन् । हेर त्यहाँ सिद्धवीर साहुकी छोरी छाती पनि हान्ने गाईको सिङ जस्ता तिखा पारेर, राँ खोरेका काखी खुल्ले राखेर कस्तो सिंगार पटार सहित पसलमा बस्छे, फेरी ग्राहकसंग कस्ता ठट्टा गर्छे । त्यसैले त्यसको पसलमा कति मान्छे ज्याँमिन्छन् । के पैसा खर्च गरेर किन्न आउने मानिसले दुई–चार ओटा ठट्टा गर्दा, एकछिन् आँखा तरेर हेर्दा ती झर्ने हुन र ? झन् ठिटाले हात छुँदा ठिटीहरू तर्सिनै हो र! दङ्ग परेर मस्किनु पो पर्छ त । तब न व्यापार हुन्छ, पसलमा पैसाको खोलो बग्छ । त्यसै कमाइन्छ पैसा ? बीनालाई मैले यी कुरा भन्न अप्ठेरो हुन्छ, तिमी सम्झाऊ । अलिक दिन उसलाई असजिलो लाग्छ पछि त बानी भै हाल्छ । अनि त पसलमा नबस भने पनि कहाँ टेर्छे र ?" सुब्बाले आधा रिसाएको भावमा थपिका कुरा भने ।

"हजुर त्यसो भन्नु हुन्छ भोलि देखि त ज्यान जाला पसलमा जान्न भन्छे छोरी । सिलाइबाट पनि पैसा त आइहाल्छ नि, के भो त उसलाई मन लागेको काम गरोस् हुन ?" सुब्बेनीले पुनः एक पटक छोरीको पक्षमा वकालत गरिन । "बूढापाका भन्छे– अभागीलाई भाग्यमानी बनाउन खोजेर हुन्न, तिमीहरूलाई नै सुख होस् भनेर मैले गाउँको आफ्नो भए भरको जायज्येथा सब बेचेर ल्याएँ । के अब पनि म चार चार वटा भूँडी त्यसै पालिरहूँ मेरो गती देखेका छैनौ तिमीहरू सबले ? तलबले अठार दिन घर खर्च टान्न हम्मे पर्छ, बाँकी दिन कसरी गुजारा गर्ने ! ती केटाकेटीको फी कहाँबाट पुऱ्याउने ! डेरा बहाल कसरी तिर्ने ! के म गल बोकेर रातभर चोर्न निस्कूँ ? त्यत्रो पैसा खन्याएर दोकान चलाइयो अब त केही होला कि भन्यो . . . खै ? के सिलाई पनि त्यसै हुने हो र ? बर्षदिन सम्म सय रूपिया तिरेर सिक्न पन्यो, कल चाहियो, कपडा चाहियो, कहाँबाट पुऱ्याउने यस पातनीलाई ? शशी ! मलाई अरू थोक केही चाहा छैन बीना पसलमा बसेको हुनुपर्छ, ग्राहकको अलि अलि होचो अर्घेलो पनि सहनु पर्छ, यदि त्यसो होइन भने बीना यहाँ बस्न पनि पाउँदिन ।" सुब्बा रिसले कट कट दाँत किट्दै पुनः भित्ता पट्टि नै फर्के । यहाँ भन्दा बढी बोले अनिष्ट होला भन्ने त्रासले शशी चुप लागिन । कतै बीनाले यी कुरा सुनी कि भन्ने ठानी शशी बीना तर्फ फर्किन । सिरक भित्र अनिर्द रहेकी बीना निदाएकै ठानी सन्तोष मानिन् तिनले । आफ्नो पिताको यो क्षुद्र

जलन

–किरणहजूर खड्का

केही शब्द त पोख्यौ तिमीले
तर सबैलाई धोकाको बीउ रोप्यौ तिमीले
आशाको त्यान्द्रोमा झुण्डायौ तिमीले
दिलको प्यास बढायौ तिमीले
आखिरमा सबैलाई चितै चितामा
जलायौ तिमीले ।

कलंकीस्थान काठमाडौं

वचन सुन्दा आफू सुतिरहेको कोठा फन फन घुमी रहेको, आफू मुनिको जमिन क्रमशः धसिंदै गई आफू त्यसमा भासिंदै गएको अनुभूति भयो बीनालाई। रनन्न तातिरहेको कन्चटबाट आशाका सपना निकलन खोज्दै दिए चल चल दुखिरहेको छातीको ओढा कम गर्न पलङमा टाउको ठोकी ठोकी मन मन लाग्यो। एक रात के एक पला पनि त्यहाँ नबसी अन्त कतै भएर कहिल्यै उठ्न नपर्ने गरी निदाउन मन लाग्यो बीनालाई। गहभरी आँसु मन भरी व्यथा ओठ भरी कुन्केरा, छाती भरी जलन लिएर रात काट्ने निकी बरिन बीनाले। आफू जन्मेर नै बाबुलाई ठूलो आर्थिक भार परेको हो जस्तो लाग्यो तिनलाई आफूले लाउने खाने खर्चको मात्र कटौती भयो भने पनि बाबुलाई भाइबहिनी पढाउन सजिलो पर्ने, उनको आर्थिक बोझ निकै कम हुने ठानी आफू सदाको निमित्त पन्छिने निधो गरिन बीनाले। कहिले यता कहिले उता कोल्टे फेर्दा फेर्दै रात छर्लङ्ग बित्यो। "कुकुरी कौं! कुकुरी कौं!" गर्दै उज्यालो भएको सन्देश बोकी चराले सारा बस्ती भरि छन्यो।

छयाङ्ग उज्यालो भए पछि बाबुसंग पसलको साँची लिई बीना पसल खोल्न गइन्। पसलको बढार कुटार सकी चोखो पानी ल्याएर बीना भीमसेनको पूजा आराधना गर्न थालिन। सिन्के धुप भीमसेनको वरीपरी घुमाउँदै बीना मनमनै भनिरहेकी थिइन, "म दुःखीको हातबाट तिमीलाई आज यो नै अन्तिम अक्षता हो, मलाई केही चाहिंदैन, तर मेरो बुबालाई भने सधैं सुखै सुख मात्र दिइ रहुँ।" बिहान एक छिन पसलमा देखा परेर आज चाँडै अफिस पुग्नु छ भनी सुब्बा देवकृष्ण अफिस तर्फ लागे। अहिले एघार बजी सकेकाले चोकमा अफिस ओहोर दोहोर गर्नेको हुल पनि कम भै सकेको थियो। पसलमा ग्राहकको आगमन पनि ठ्याप्पै बन्द भैसकेको थियो। मृत्युको काखमा लडेर कहिल्यै नउठ्ने विचार गरी बीना आफ्ना पितालाई चिठी लेख्न थालिन– "बुबा! म जन्मेको कारणले तपाईले धेरै दुःख कष्ट भोग्नु पर्‍यो, त्यसको लागि अभागी छोरी ठानी माफी दिनु होला। तपाईंले आज राती भन्नु भए झैं सिद्धवीरकी छोरी ज्योती झैं म नारी सीमा र मर्यादा भन्दा तल झरेर व्यापार गर्न सक्दिन, तसर्थ मेरो घर बस्ने अधिकार पनि छैन, गाउँ फर्कुं भने पनि त्यहाँ हाम्रो कोही छैन। त्यसैले मलाई साथ दिन मृत्युको काख सम्म पुग्न मैले चार पुरिया विष लगेकी छु। त्यसको पैसा कन्तुरमा छ। बेलुकी तपाईं फर्केपछि पनि मलाई खोज्ने व्यर्थ कोशिस नगर्नु होला, त्यतिन्जेल-सम्म बुबा! म मरी सकेकी हुनेछु। आमालाई पनि तेरी छोरी बीना मरीछ भनि दिनु होला। बुबा! म नभएपछि तपाईंलाई भाइ बहिनी पढाउन त्यति गाह्रो पर्दैन। तिनीहरूलाई निकै पढाई दिनु होला। पछि ती हुर्केपछि तपाईंलाई मेरो सम्झना रहिरहेछ भने तिमीहरूको दिदी यसरी मरी भनी सुनाई दिनु होला। अन्तिममा म मर्न आँटेकी छोरीको दश औंला जोडी 'बिन्ती, बुबा! पैसाको लोभले बहिनीलाई पसलमा नराख्नु होला।"

छोरी बीना

चिठी लेखेर बहिखातामा राखी बीना डेरामा गईन। "आमा! यो मध्यान्हकालमा मानिस

कोही नआउने भएकाले पसल बन्द गरेर आएकी छु। म पल्ला घरकी शान्तिसंग एक छिन घुम्न जान्छु। आज किन किन ननिको लागिरहेछ। बुबाको साथीले दिएको चिठी बहीखाता भित्र राखी दिएकी छु भनि दिनु होला। आमा, म .. ... फर्कन ..... ढिलो हुन्छ होला, आमा! बहिनी र भाइलाई दिदीले धेरै सोधेको छ भनि दिनोस् है?" यति भनेर बीना सरासर बाग्मती तर्फ लागिन्।

वेलुकी साढे पाँच बजे अफिसबाट फर्केका सुब्बा सरासर पसल तिर लागे। बिना ग्राहक शशी मात्र एक्लै पसलमा देखदा सुब्बाको कञ्चटको पारो तात्यो।

"शशी! बीना कहाँ मरी नि? पसलमा त एकछिन बस्ने होइन ए?" "छी ... बाटैबाट के चिच्याउनु भएको? बाहिर एक छिन घुमेर आउँछु भनेर एकबजे तिर निक्लेकी, तपाईंको कुन साथीले दिएको चिठी छ भन्थी बहिखातामा।" बहीखाताबाट निकालेको चिठी पढ्दा पढ्दै सुब्बा एक्कासी चिच्याए बीनाऽऽऽ! तैंले के गरिस् यस्तो . . . !!

सम्भवतः भोलि स्थानीया पत्रिकाले छाप्ला "नाम थाहा नभएकी अन्दाजी सत्र वर्षे युवतीको लाश बाग्मतीको किनारमा।"

-:::::::-

.....**"राष्ट्रियताको जगेर्ना गर्दै देशको विविध क्षेत्रको विकासमा हासिल भएका उपलब्धिहरू सबैलाई विदितैछ तापनि बढ्दो जनसंख्याको आवश्यकता परिपूर्ति गर्दै जनताको जीवनस्तर बढाउन हामी सबैले थप प्रयत्न गर्नु पर्ने खाँचो अझै रहेकोछ।" -श्री ५ बीरेन्द्र**

श्री ५ महाराजाधिराज सरकारको सदिच्छा अनुरूप नेपाली जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने दिशामा आफ्नो तर्फबाट हरतरहले प्रयत्नशील रहन नेपाल राष्ट्र बैंक आफ्नो ३४ औं वर्ष प्रवेशको सुखद अवसरमा प्रण गर्दछ।

-नेपाल राष्ट्र बैंक
परिवार

'रम्भापानी' खण्डकाव्य

–गोपीकृष्ण शर्मा

नेपाली साहित्यको आरम्भिक कालदेखि नै पाल्पाका साहित्यकारहरूको सहभागिता रहेको हो। भानुभक्तका समकालीन पाल्पाली कवि पं. छविलाल र उनका कविताले पाल्पामा साहित्यिक वातावरणको थालनी गऱ्यो। बीचमा खास गतिविधि देखिएन। कवि माधव प्रसाद देवकोटा (१९६०–२०३९) ले यस क्रममा महत्वपूर्ण देन दिए। देवकोटाको काव्य रचना अध्यात्मप्रधान र चिन्तन प्रधान रह्यो। वेदान्त, पुराण र धर्मशास्त्रका पुनर्व्याख्यानका रूपमा धेरै रचना रहे। ठाउँ–ठाउँमा भने युगबोध, नैतिकता र सामयिक कर्तव्यका झलक पनि पाइन्छन्।

यस क्रममा कवीन्द्र, जगतबहादुर जोशी र कुलमणि देवकोटाका कविता पनि पाल्पाली साहित्य जगतमा चर्चित रहेका हुन। यता आएर नौला–नयाँ प्रतिभाले पनि पाल्पामा बसेर नेपाली साहित्यको श्रीवृद्धि गर्ने क्रममा गर्दैछन्। यिनै मध्येका प्रतिभा हुन्– नीलकण्ठ न्यौपाने। न्यौपानेको पहिलो खण्ड काव्य 'काथा' हो। प्रस्तुत 'रम्भापानी' यिनको दोस्रो सम्कृतिपरक खण्डकाव्य हो। यिनका 'पुरेतको मुखमा बुद्धो (नथु काव्य न्यु अष्टादशा पुराणम् तथा अष्टा-वक्र पुराण (हास्य कविता संग्रहहरू) प्रकाशित भएका छन्।

नीलकण्ठ न्यौपाने पाल्पाका प्रगतिवादी साहित्यकारहुन्। यिनका कृतिकाँ शीर्षकले पनि न्यौपानेको नयाँ जीवन दृष्टिबारे अवगत हुन्छ। यिनी समाजका जीर्ण–शीर्ण अन्धविश्वास र रूढी–बूढीलाई जरैदेखि मिल्काउन चाहन्छन्। हाम्रा समाजमा पुर्खौंदेखि फटाहा र सामन्तहरूले नियमका रूपमा चलाएका भाग्यवादी र दैवमुखी अन्धविश्वास संग यिनको ज्यादै घृणा छ। समाजसुधार र नयाँ चिन्तनका दृष्टिले यो स्वागतयोग्य कुरा पनि हो। प्रस्तुत 'रम्भापानी' खण्डकाव्य बारे लेखक स्वयं टिप्पणी गर्छन्– "गर्नु धर्नु केही नपर्ने लौ रम्भादेवी यो कुरा पूरा हवस्! भनी पुकारा गऱ्यो बस् ... ...। बाल विश्वासवश यसै चक्करमा परी एक साला यही स्थानमा भोकै एक्लै बस्दा विद्याको साटो धर्म स्वर्ग नपाएको उस बेला मैले।"

हाम्रा देव–देवीहरू परम्परागत संस्कृतिका मूर्त रूप हुन्। प्रकृति, मानवता र ईश्वरमा त्रि–आयामिक सम्बन्धका रूपमा यी रहेका छन्। यिनको सांस्कृतिक

मूल्यलाई पन्छाई विकृत अन्ध विश्वासलाई अङ्गाल्ने अनि आफ्ना राम्रा–नराम्रा भावनाका पूरक वरदाता-का रूपमा सम्झने थोत्रा परम्पराले देवदेवीको सांस्कृतिक मूल्य पनि खस्कन थालेको छ । यस्तै मोडिएको जनआस्था देखेर कवि नीलकण्ठ न्यौपाने आहत हुन्छन् र संस्कृतिपरक खण्डकाव्यका रूपमा 'रम्भापानी' खण्डकाव्य लेख्छन् । उनी 'विश्राम' खण्डमा भन्छन्–

अन्ध विश्वासमा भन्दा सत्य विश्वास साथमा
कथ्य विश्वासमा भन्दा कथ्य विश्वास आडमा

\+ + +

लोभ मोह तथा क्रोध मद मात्सर्यको बलि
चढाई सबले पूजा गरे पुण्य छ बेसरी

प्रस्तुत 'रम्भापानी' खण्डकाव्य २०४५ सालमा स्वयं लेखकद्वारा प्रकाशित तथा कुमारप्रेस तानसेनमा मुद्रित लघु खण्डकाव्य हो । जम्मा २६ पृष्ठमा फैलिएको, पाँच टेको र एक विश्राममा विभक्त तथा अनुष्टुप छन्दका करीब दुई सय श्लोकमा रचित यस काव्यमा नीलकण्ठको काव्यशैली र वस्तुचयनको राम्रो चिनारी पाइन्छ । स्वयं पूर्वखोला पाल्पाका निवासी तथा साहित्याचार्य नीलकण्ठ न्यौपाने पाल्पाको शिक्षण संस्थामा समर्पित व्यक्तित्व हुन् । यिनको लगन, प्रतिभा र निरन्तर साधनाले पाल्पाली साहित्यिक जगतलाइ एउटा नयाँ आयाम दिएको अनुभव हुन्छ । पूर्वीय चिन्तनलाई कर्मवादी व्याख्या गर्ने प्रक्रियाले गर्दा न्यौपानेको काव्यसृष्टिले युगानुकूल पाइला चालेको देखिन्छ । तिथि मिति र नाम बाहेक साहित्य त्यस युगको सही इतिहास हो भने जस्तै नीलकण्ठका कृतिमा पाल्पाली आञ्चलिकताको स्पष्ट प्रभाव पाइन्छ, जुन ज्यादै राम्रो कुरा हो ।

ग्रन्थको आरम्भमा मङ्गलाचरण गर्ने पूर्वीय परम्परामा केही परिवर्तन गर्दै कवि नीलकण्ठ 'पहिलो टेको' को पहिलो कवितामा भन्छन्:–

शिला–शैल, गुफा ताल नदी हिमाल जङ्गल
बनी जीवनदायी यी गरून् कल्याण मङ्गल

यसरी प्रकृतिको पूजा गरेर नीलकण्ठ आफ्नो खण्डकाव्यको थालनी गर्छन् । पहिलो टेकोमा प्रकृति र जनआस्थाको सामञ्जस्यबारे न्यौपाने सन्तोष मान्दछन् । कविका अनुसार प्रकृति हाम्रो सर्वस्व हो । प्रकृतिपूजाकै रूपमा हाम्रा देव–देवीका गुफा र कोटहरू उभिएका हुन् । त्यसैले पहिलो टेकोको अन्तमा नीलकण्ठ भन्छन्:–

रम्भापानी पनि त्यस्तै भावनाको समष्टि हो
शक्तिसम्पन्न आस्थाको अनोठो दिव्य सृष्टि हो

दोस्रो टेकोदेखि पाल्पा तनहुँको रम्भापानीवारे धार्मिक, ऐतिहासिक, पौराणिक र किंवदन्तीमूलक व्याख्याहरू गरिन्छन् । ठाउँ–ठाउँमा कवित्व प्रतिभा पनि उत्तेर आएको छ । एउटा उदाहरण लिऊँ:–

चरा–चुरङ्गीका जत्था मुक्तकण्ठ गरी यहाँ
आरती गीत घन्काई मीठो बोल्छन् कहाँ कहाँ

कवि नीलकण्ठले रम्भापानीको साथसाथै वरवरका गाउँको पनि चर्चा गरेका छन् । मलेङ, थौराली, धोवादी, छाप, कलुना, झाँकीडाँडा, झाँकेदी, छिसखोला, सेर्काबास आदि थुप्रै गाउँहरू र पूर्वोत्तर बग्दै गएकी कृष्णा गण्डकी नदीको समेत चर्चाले गर्दा यस काव्यले पाठकलाई पाल्पाकै वरपर घुमाइरहेको भान हुन्छ ।

तेस्रो टेको किंवदन्तीको चर्चा छ । कुनै जोगी परमहंसले तपस्या गर्दा दैवी ज्योति:पुञ्जले उनलाई [illegible] दिएको र त्यसैबाट रम्भादेवीको [illegible] स्थापना भएर पूजा [illegible] [illegible] [illegible] छ । चौथो टेको सात वैदी देवीहरू (रम्भा, [illegible], [illegible], माया, भानुमती, [illegible] र [illegible]) पालाका ठाउँ-ठाउँमा रहेको [illegible] राजाले ताहुँमा रम्भादेवीको स्थापना-पूजा [illegible] भन्ने उल्लेख छ । यसरी स्थापित [illegible] स्थानीय वासिन्दाहरूले जुनसुकै दुःख दर्दमा [illegible] रम्भादेवीको भाकल गर्ने प्रथा अन्धविश्वासका रूपमा चलेको उल्लेख कवि नीलकण्ठ यसरी गर्दछन् :-

भोका नाङ्गा लुनालाङ्गा आदिका समवेदना
अर्को आधार नहुँदा व्यक्त हुन्थ्यो पुगी त्यहाँ

\+ + +

नपाई अरूको आड रम्भादेवी गुहार्दथे
हाम्रा दुःखहरू भागून भनी भाकल गर्दथे

\+ + +

पाँचौं टेकोमा पुगेर कवि न्यौरानेले वर्तमान समाजमा धर्मका नाउँमा देखा परेको विकृतिप्रति असन्तोष व्यक्त गरेका छन् । उनी टिप्पणी गर्छन् :-

पुर्खौंली धर्म सत्कार सदाचार भने निकै
हतियार बनी दिन्थ्यो शासनाधारको सबै

\+ + +

अन्तमा विश्राम अंशमा नीलकण्ठ न्यौरानेले रम्भापानीलाई पालाको सांस्कृतिक महत्वको स्थल बनेर रहोस भन्ने चाहना गर्दछन् । उनी भन्छन् :-

पुर्खौंली गरिमा बोकी आएको अति सुन्दर
रम्भापानी बनी नामी रहोस हाम्रो निरन्तर

प्रस्तुत खण्डकाव्यमा पालाको एक धार्मिक स्थलको सांस्कृतिक मूल्यबारे विशेष चर्चा छ । धर्मलाई अन्धारमारामा होइन जीवनवादी दृष्टिले हेर्नुपर्छ र कर्मयोगी बन्नुपर्छ भन्ने कविको सन्देश छ । यहाँ प्रगतिवादी काव्य चिन्तन छ, नाराको रूपमा होइन कवितात्मक न्याय र काव्यात्मक सन्देशका रूपमा । अन्तमा वाल्मीकिकृत योगवासिष्ठको कर्मवादी एउटा श्लोक उद्धृत गर्दै कविको कर्मयोगी चिन्तनको सराहना गर्न चाहन्छु :-

'आलस्यं यदि न भवेत् जगत्यनर्थं'
को नस्यात् बहुधनको बहुश्रुतो वा'
(मुमुक्षु व्यवहार प्रकरण, सर्ग ५, श्लोक ३०)

(यदि संसारमा अनर्थकारी आलस्य नहुँदो हो त को धनी र को विद्वान् हुँदैनथ्यो ? ✱

गजल

–युवराज 'नयाँघरे'

जिन्दगीमा अब हाँस्न दुर्लभ सुनको गहना भो
भीडभाडको बीचमा मलाई एकलोपनको अनुभव भो ।
आइपाई लागे दुनियाँमा भँवराजस्ता मर्दाना हुन्
मलाई लागे पुरुषहरू नरबरा यी जनाना हुन् ।
आफन्तलाई बिसिदिएँ पराईको सम्झना भो
के को मलाई सास्ती यो के को मलाई ताडना यो ।
आफन्त बरपर भए पराइ आफ्ना भए
बिराना बरबर आए आफन्त बिराना भए ।

झापा: दमक

हाल:– मोकर्ण दक्षिण ढोका काठमाडौं ।

भन्दिनु पर्छ यो बास्ना तिम्रै हो भन्दा पत्याउँदैनौ। को आफन्तको दुश्मन भन्ने सम्म नचिनी उफ्री कुदी हिंड्ने बेला छैन। संसार पहिलेको जस्तो छैन। जतातत शान्ति र आफै जस्तो सबैलाई सन्त महात्मा देख्ने तिम्रो स्वभाव गएको छैन है।

म त आजको दिन हेर्न वर्षभरि कुरी बाँचिरहेको छु। मेरो मान सम्मान गर्न आज नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा निम्तो छ जहाँ राजारानी सवारी होइबक्सन्छ। तर आज मेरो खुरमा घाउ, सिंग फुकेको र फोहोरी जिग्रिङ्ग र किड्यिङ्ग पर्दै राजारानीको अगाडि देखा पर्ने हिम्मत नभएर यो बीच दो बाटोमा पच्चिरहेकोछु। मलाई राजारानीको दर्शन गरेर आफ्नो दुःख पुकारा बिन्ती बिसाउने मन छ तर म उठ्न नसक्ने भई ढलेको छु। खान नपाएको पनि धेरै भो ज्यापूका खेत पनि अब देखिदैनन्। हरियाली फाँट गाउँघरतिर मात्र देख्न पाइन्छ। यो शहर राजधानीमा गाईजातिको मान सम्मान ठूला बडाका घर गोठमा देख्न थालेको छु त्यस कारण मेरो यो बुढेसकालमा केही गर्न नसकी बसेको कुरो मेरा मालिकको ढोकामा पुऱ्याइ दिने पनि कोही छैन। तिमी यो शहरमा कताबाट टुप्लुक्क आइपुगेका हौ आफ्नो सुवास खोज्दै। यहाँ कसैले तिमीलाई देखेमने तिम्रो नाइटो काट्छन् तिमीलाई छाला काढेर कोठा सजाउने छन्। तिमी मेरो शरीरबाट सुवास आएको भन्ठानेर आइपुगेछौ। साँच्चै भन्ने हो भने मेरो सुवास अब गाईजात्राको दिनमा लक्ष्मी पूजामा नाम मात्रको रहेको छ। तिम्रै सुवास अब बढी आइरहेछ यसैले तिमी गइहाल गाउँमा। तर गाउँमा भन्दा सुरक्षा तिम्रो लागि आजकल चिडिया खाना छ जसलाई पशुपन्छीको श्यालखाना पनि भन्दछन्। किनकि आजकाल जेल चिडियाखानामा र चिडियाखाना जेलमा परिवर्तित भइसकेको छ। तिमीले आफ्नो जङ्गल पहाडको सीमा नाघी यो शहरमा आई अपराध गरिसक्यौ। अब म तिमीलाई सत्य सेवा सुरक्षाको अड्डामा पुऱ्याइदिन्छु। बिस्तारै हिंड। यताउति लाग्यौ भने मोटर ट्रकहरूले घाइते नै बनाइदिन्छन् अथवा मारिनै देलान्। मलाई गाई भनेर छोड्ने होइनन् तिमीलाई कस्तुरी भनेर छोड्ने होइनन्। ऐन कानून सडकमा ट्राफिकलाई लाग्दैन। तिमी त भर्खर पहाड पर्वतबाट आएका रहेछौ। धेरै कुरो सिक्न बाँकी रहेछ अब चिडियाखाना भन्दा जेलमा सुरक्षा पाएपछि सबै कुरो सिक्नेछौ।

यस प्रकारले गाईले कस्तूरी मृगलाई आफूसँगै लिएर चिडियाखाना भित्र हुली आफू खुट्टा खोच्याउँदै बाटो छेउ चउरमा ढुवो चर्न लागेछ।

उपर्युक्त किंवदन्तीबाट सिक्ने कुरो के रहेछ त? भनी प्रश्न गर्नुहोला र उत्तर मेरो हुनेछ–विदेशीहरू आफ्नै सुगन्ध खोज्दै यहाँ आइपुग्छन् तर ती सुन बोकेर आउनेहरूलाई हामीहरू श्यालखानामा थुन्छौं। ठीक त्यही प्रकारले कस्तुरी बोकी आउने मृगलाई तिम्रो गाईले चिडियाखानामा लगेर थुनिदियो कि दिएन त ?

ख १/२३८ डिल्लीबजार
काठमाडौं–२ नेपाल

तीन मुक्तक

–डिल्लीराज अर्याल

१ द्रौपदीको अपमानको बदला लिन
महाभारत मच्चाउने युधिष्ठिर
महाभारतमा विजयी भएपछि पनि
कुन्ति किन रोइरहन्छ, पछुताइ रहन्छ।
२ कसैले अपमान गऱ्यो भन्दैमा
संसारकै पर्वाह नगर्ने गोरा–कौरवहरू
घटोत्कच– अर्जुनाई महाभारत–जापानमा खसाएर
संसारका मानिसलाई पिरिरहेछन्।
३ पद र मान पाउँदैमा मान्छेलाई
ज्ञानी र गुणी हुनै पर्छ भन्ने छैन,
चाकडी र चाप्लुसी गर्न सक्नेले
ज्ञान विना पनि पद समात्न बेर हुन्न, ।

–मदन पोखरा पाल्पा

दृढ संकल्पका पाइलाहरू

–श्रीमती सावी पहाडी

बिन्ती नरोक यी दृढ संकल्पका पाइलाहरू
तिम्रो पाइला–पाइलामा कठोर प्रहार छ।
तिम्रो भावुक आत्मामा अगाध वज्रपात छ
यो संसार मानववादीको लागि एक चुनौती छ
तिमी भित्र तिमी जस्तै
लाखौंको एकै आवाजले भन्छ
नहटाउ तिम्रा दृढ संकल्पका पाइलाहरू
नरोक भावनाका उद्गारहरू
निश्चयनै तिमी या तिमी नभए तिम्रा विचार
बोकेर लम्कनेहरू
एक दिन आकाँक्षाको सगरमाथा
चढ्न सक्ने दिन आउने छ।

–पाल्पा

मुक्तक–

केही भावना

–सानुराजा श्रेष्ठ 'अनजान'

दिनको यदि पखेटा भइदिएको
भए.
पिंजडामा थुन्ने थिएँ।
अनि रातहरूलाई विवशताको
जालमा अल्झाएर,
तिम्रो मायारूपी महासागरमा
डुबुल्किने थिएँ अनन्तसम्म
शायद ... ... !

–पशुपति देउपाटन

नव वर्ष २०४६ को पुनीत

उपलक्ष्यमा समस्त नेपालीमा सुख

शान्ति तथा समृद्धिको

मङ्गलमय शुभकामना

–होटेल सेर्पा

बरवारमार्ग

फो. नं. २–२२५८५, ४–१०८९८

माडेमोइसेल लिरेन्डीउले भनिन–तिमी केही नपिइकन जाने छैनौ । त्यसपछि बाल्थाजारले एक मग रातो रक्सी आफैंले मगायो । बाल्थाजारले मुखमा रक्सी राख्ने बित्तिकै अर्को नराम्रो स्वाद पायो । त्यसैले उसले रक्सी पसल्नीलाई बोलायो र भन्यो–तिमीले मलाई दिएको के हो ?, 'रक्सी'–रक्सी पसल्नीले अलि हिच्किचाएर जवाफ दिइ । साँच्चै भन, रक्सीको स्वाद कस्तो हुन्छ भन्ने कुरा मैले बिर्सेको छु– बाल्थाजारले भन्यो ।

उसले खुशी भएर सबै पियो तर त्यस्को पैसा कति हुन्छ भन्ने कुरा सोचेन । उसले रक्सी पिएपछि केही खानेकुराहरू पनि खायो । अबेला पनि भएको थिएन । उ अझै भोकाएको थियो । उसले विचार गरेर भन्यो– "थोरै मानिसहरूलाई मात्र खानाको मजा थाहा छ धेरैले पेट भर्नको लागि रोटी खान्छन् ।"

उ कस्तो भोकाएको थियो ! कति धेरै उसले खायो ! तब मात्र उसले महसुस गऱ्यो कि म कति भोकाएको रहेछु भन्ने कुरा । उ कस्तो एक्लो मानिस रहेछ उस्को पेटले मात्र हैन शरीरको हरेक अङ्गले भोक लाग्यो भनेर चिच्याइरहेको रहेछ ।

उसले एकछिन आफ्ना बितेका कुराहरू सोच्यो ।

उसलाई खाने इच्छा पूर्ण भयो अनि अर्को इच्छा बढेर आयो । खाना पछि उ सडकमा हिड्न थाल्यो । अनि उसलाई जिन्दगीको रमाइलो क्षण नै कुनै वृक्षको छायामा बस्नु लाग्यो । उसले त्यो दिन साँझसम्म एउटा रूखमुनि सुतेर बितायो, केही काम नगरेर ।

उसले दुई दिनसम्म यसरी नै बितायो । रक्सीले छाडेपछि उ बेतमा गएर पल्ट्यो । तर माडेमोइसेल लिरेन्डीउले दिएको पैसा धेरै दिन सम्म टिकेन ।

उ धेरै रिसाएको थियो । कति छिटो कालो हवाई जादू ब्यागले उसलाई त्यस्तो काम गर्न लगायो । उले आफूलाई जिउँदै बेच्यो । माडेमोईसेल लिरेन्डी-उले उसको मुखको रोटी लिएको थिइन । उसलाई छ सय दिएर उ माथि अन्याय गरेकी थिइन । यसरी गरीबहरू धनीद्वारा समातिन्छन् र मासिन्छन् । उ फर्केर माडेमोइसेल लिरेन्डीउका घरतिर लाग्यो । उसले मनमनै भन्यो– "अब उनलाई मेरो बहशको आवश्य-कता छैन । अब उनी मेरो कुरा सुन्ने छैनन् । मलाई पैसाले कस्तो बनायो ?"

हामीले यो नभनौं कि आइमाईले कुनै लोग्ने मानिसलाई मन पराउनुको अर्थ पैसा नै हो । बिचरी माडेमोइसेल, उसलाई उनका आमा बाबुले नै त्यागी दिए । उनीले कहीले पनि बिहा गरिनन् र गदिनन् । किनभने उनी उमेर पुगीसकेकी छिन् । फेरि प्रत्येक पुरुषले एउटी पैसावाल र तरुनी युवती नै मन पराउछन् । बाल्था-जारको अवस्था देखेर उनी धेरै डराएकी थिइन । त्यसैले उनले उसका सबै कागजहरू खामहरू र पेन्सील हरू फिर्ता दिइन् । उनी कति जाति थिइन । तपाई-हरूले बाल्थाजारको जस्तो रातो दारी भएको अनुहार कसैको पनि देख्नु भएको छैन होला ।

अनु–लक्ष्मी पन्त

नारी के हुन् !

-ठाकुर शर्मा

सृष्टिको प्रारम्भकाल देखिनै नारी अनन्त गुणहरूले युक्त रहेकी छन् । पृथ्वी जस्तै क्षमा, सूर्य जस्तै तेज, समुद्र जस्तै गम्भीरता चन्द्रमा जस्तै शीतलता, हिमालय जस्तै उच्चता नारी हृदयमा दृष्टिगोचर हुन्छ ।

दया, करुणा, ममता र प्रेमकी प्रतिमूर्ति हो नारी समयानुसार प्रचण्ड चण्डी पनि हो नारी । मनुष्य जीवनको जन्मदात्री हो नारी । बाल्यावस्था देखि मृत्यु पर्यन्त संरक्षिका हो नारी । त्याग र बलिदानको लागि हिन्दू संस्कृतिको अमूल्यनिधि पनि हो नारी ।

केवल सन्तानको जन्मदात्री, भोजनालयको व्यवस्थागर्ने मात्र नभै नारीलाई पुरातनकालमा पुरुष समान सामाजिक, राजनीतिक एवं धार्मीक कृत्यहरूमा भागलिने अधिकार थियो । याज्ञवल्क्यकी सहधर्मिणी गार्गीले "आध्यात्मिक धन समक्ष सांसारिक धन तुच्छ छ भन्ने कुरा सिद्ध गरेर समाजमा उच्चस्थान प्राप्त गरेकी थिइन् ।

मनुले मनुस्मृतिमा नारीको विवेचना गर्दै भनेका छन्-

"यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता ।"

अर्थात्- जहाँ स्त्रीको पूजा हुन्छ त्यहाँ देवता निवास गर्छन् । जहाँ उनको प्रतिष्ठा हुँदैन त्यहाँ सम्पूर्णक्रिया कलाप निष्फल हुन्छन् । अनेक कल्याण-हरूकी भाजन स्त्रीहरू पूजनीय छन् । उनी ज्योति हुन । विधाताले प्रजाको उत्पत्ति एवं विस्तारको लागि यिनीहरूको सृष्टि गरेका हुन् यिनी गृहलक्ष्मीको रूपमा मान्य छन् ।"

प्राचीन कालमा कुनै पनि धार्मिक कार्यगर्दा नारी बिना सम्पन्न हुँदैन थियो । धार्मिक क्षेत्रमा मात्र नभै रणक्षेत्रमा आफ्नो पतिलाई सहयोग गरेका समेत उदाहरण पाइन्छन् । जस्तै- देवासुर संग्राममा कैकेयीले आफ्नो अद्वितीय कौशलद्वारा महाराज दश-रथलाई चकित तुल्याएकी थिइन् ।

निश्चय नै त्यस समयमा नारीको व्यक्तित्व पूर्ण-रुपबाट सुरक्षित थियो । आफ्नो जीवन साथी आफ्नै इच्छा अनुसार छान्ने पूर्ण अधिकार थियो । गृहस्था-श्रमको सम्पूर्ण अस्तित्व नारीको काँधमा आधारित थियो । न उनीहरूलाई आर्थिक परतन्त्रता थियो न

दासता। पुरुषोपार्जित धनको संचय र व्ययमा उनको अधिकार थियो। विना गृहिणी गृहको कल्पना गर्न सकिंदैनथ्यो।

न गृहं गृहमित्याहुः गृहिणी गृहमुच्य ते।
गृहं हि गृहिणिहीनम् अरण्य सदृशं मतम्।।

अर्थात–नारी नभएको घर, घर होइन जङ्गल हो।

कालान्तरमा नारीको सेवा भावमा केही परिवर्तन भयो। तिरस्कार उपेक्षा बढ्दैगयो। अविद्या र अज्ञानको गहनगर्तमा नारीलाई धकेटियो। जन्म देखि मृत्यु पर्यन्त सामाजिक तिरस्कार सहन बाध्य गराइयो। बाल विवाह, अनमेल विवाहको परिणाम स्वरूप देशमा वैधव्य र भ्रष्टाचार बढ्दैगयो। नारीको जीवन पुरुषको दयामा निर्भर हुन थाल्यो।

परिवर्तनशील संसारमा सदा सर्वदा एकैनास रहन्छ भन्न सकिंदैन। आज नारीहरू शिक्षामा केही अगाडि बढ्न थालेका छन्। घरको सीमितकार्यलाई छाडेर सामाजिक सेवा भावना तिर उन्मुख हुन लागेका छन्। त्यसैले नारीले पनि सम्पूर्ण कार्य गर्न सक्दा रहेछन्। पर्दा भित्र रहने वस्तु हैन रहेछन् भन्ने कुरा पुष्टिएको छ। तथापि नारी प्रति प्रकृतिको देन नै यस्तो छ कि केही सीमा नाघ्यो भने उसको जीवनमा अध्यारोपन आउन सक्छ। त्यसैले त्यस्ता सीमाहरूलाई बचाई जीवन यात्रामा अगाडि बढ्नु राम्रो कुरा हो। पहिलेका नारी आदर्शहरू पनि पर्दाभित्र रहेर बसेका थिएनन्, समाजसंग टक्कर लिएका थिए, व्यक्तिसंग टक्कर लिएका थिए। तर आफ्नो धर्म संस्कृतिलाई बचाई आफ्नो सीमा भित्र रहेर।

नारीका अनेकौं कमजोरीले गर्दा सीमित कार्यमा मात्र सहभागिता रहन गयो तापनि नारी घर भित्र मात्र वस्तु पर्छ बाहिर देखिनु हुन्न भन्ने कुरा छैन। इतिहासले के बताउँछ भने समाजमा नारीले अनेकौं कार्यहरू पुरुषले भन्दा बढी बुद्धि पुऱ्याएर गर्न सक्छन्। देवताहरू पनि आफूले गर्न नसक्ने काम शक्तिको उपासनाद्वारा सम्पन्न गर्थे।

नारी प्रति जे जस्ता कार्यहरू भए त्यो सब पुरुषले आफ्नो स्वार्थ वश गरेको कार्य हो। पहिले नारी प्रति सद्भावना नै थियो। आज नारीले घर बाहिरको कार्यमा पनि हात हाल्न थालेका छन्। यो हिन्दू समाजको गौरव हो।

यसरी नारीलाई अगाडि बढ्ने मौका दिने हो भने आफ्नो घर समाज र देशमा धेरै ठूलो योगदान पुग्न सक्ने कुरा स्पष्ट छ।

'हिन्दू धर्म र धार्मिक सहिष्णुता'

–झविन्द्र प्रसाद अर्याल

अनन्त बसन्तको एक फूलबारी
रंगीबिरङ्गी फूल एकै ईशका पूजारी
हिन्दू धर्मको दीप झलमल्ल पारी
समादर राख्दछ, कुनै धर्मको भेदभाव नगरी।
मन्दिर, गुरुद्वारा र मस्जिद सम्मिलित गरी
दिइएकोछ, एकै छाताको विशाल छहारी
आवागमन सबैलाई खुला रहन्छ भेदभाव नगरी।
बुद्ध र सीताको जन्ममा समान गौरव गरी
छानी शाक्य कूलकी एक कन्या कुमारी
पूजिन्छ हिन्दूहरूबाट सजीव देवी सिगारी
बुद्धलाई विष्णुका दशौं अवतार कायम गरी
पूजिन्छन् यहाँ देवतादिहरू कुनै भेदभाव नगरी।

–सिर्सेनी गुल्मी

महाकवि देवकोटा र उनको मुनामदन

–प्रतीक ढकाल

नेपाली साहित्यरूपी बागका अनमोल रत्नका रूपमा प्रतिस्थापित भैसक्नु भएका नेपाली साहित्यका महारथी महाकवि लक्ष्मी प्रसाद देवकोटाको कलम साहित्यका गद्य र पद्य दुवै विधामा उत्तिकै सशक्तताका साथ चलेको पाइन्छ। समय र परिवेशको बहावले जस्तो जस्तो मोड लिन्थ्यो, त्यस्तै त्यस्तै अनुकूलतालाई पक्रेर रचना सिर्जना गर्न सक्ने एउटा विलक्षण प्रतिभा महाकवि देवकोटामा पाइन्छ। यस्तै वातावरण र यस्तै क्षमताले गर्दा नै कहिले उनले आफूलाई युगकै वाणी भएर 'युगवाणी' बनाए भने कहिले यो सिगै पहाडी राज्यको प्रतिनिधित्व गर्दै 'पहाडी पुकार' गर्न पुगे। तर यहाँ प्रसंग 'मुनामदन' संग सम्बन्धित भएकाले गर्दा, महाकविकै शब्दमा बहाँको सर्वभन्दा प्यारो काव्य रत्न जो आज प्रकाशनका हिसाबले 'तीन बिस हिउँद खाएकी आमा' जत्तिकै बूढो भएर पनि लोकप्रियताको हिसाबले अझै पूर्णचन्द्र झैं चम्किरहेको छ, त्यही 'मुनामदन' कै बारेमा केही चर्चा गरौं।

नेपाली लोक छन्द (झ्याउरे) को भाकामा लेखिएको यो गीति काव्य साँच्चै नै नेपाली समाजको वास्तविक प्रतिबिम्बको रूपमा रहेको छ। केही धन कमाउँला, अनि घर फर्केर घरका, जहानलाई सुख दिउँला भन्ने इच्छा र अभिलाषा बोकेर बाध्यतावश परदेशिनु पर्ने नेपाली समाजको यो विडम्बना अझै पनि परम्पराकै रूपमा रहि नै आएकोछ।

प्रतिकूल परिस्थितिको शिकार मदन ल्हासा त पुग्छ, सम्पत्ति पनि कमाउँछ, तर यसै बेला मात्र उसले मान्छेको स्वार्थी प्रवृत्तिलाई पूर्णतया नग्न रूपमा देख्ने मौका पाउँछ। बाटोभरिका सहयात्री साथी हरूले उसलाई "ईश्वरै सम्झी, ईश्वरै सम्झी रहे है मनमा" भन्ने शब्दले दुहाई दिई एक्लै अनकण्टार जङ्गलमा छोडेर गइदिन्छन्।

"संसारमा अंध्यारो मात्र छैन, उज्यालो पनि छ। संसार नराम्रो मात्र होइन, राम्रो पनि छ" भन्दै हरेक कुरालाई दुवै पक्षबाट सफलतापूर्वक खेलाउन सक्ने महाकवि देवकोटाले यहाँ आएर एउटा दुई खुट्टे मान्छे होइन, तर मानवताकै एउटा जिउँदो मूर्ति भोटे पात्रको सिर्जना गर्नु भएको छ। भोटे दाई मदनका लागि साक्षात् देवदूत नै साबित हुन्छ। यसरी बडो

प्रयोगात्मक र कृयात्मकरूपले प्रतीकहरूको संयोजन गरेर महाकविले ठूलो जातलाई ठूलै विचारको र सानो जातको विचार सानै हुन्छ भनी ठान्ने परम्परागत अन्धा चलनलाई तीक्ष्ण प्रहार गर्दै, मान्छेको हृदयको विशालतालाई नाप्ने एउटा कसी नेपाली समाजलाई प्रदान गर्दै शंखघोष गर्नु भएको छ– "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।"

कथानकमा पुष्टि ल्याउन र बिम्ब संयोजन गर्न का लागि कल्पनाको आरोह र अवरोह दुर्वैतिर कुशलतापूर्वक यात्रा गर्न सक्ने महाकवि देवकोटाले मदनको वियोग विरहमा पिलिएकी मुनाको मार्मिक चित्रण गर्न पनि साँह्रै सरल शब्द प्रयोग गर्दै भन्नु भएकोछ– "निष्ठुरी मन लिएर भन कसरी भुल्यौ नि ।" हुन पनि हो, विवश मुनाले परेलीमा नै रात काटेका ती कठोर दिनहरूको संख्या पहिलेको सल्लाह अनुसार "म बिसै दिन बसुँला रहासा बाटामा बिसै दिन" को सीमा नाघेपछि यस्तै मार्मिक शब्दमा कुन प्रिय पत्नीका आँसुहरू नबोल्लान् र ? त्यसैले मुना रुन्छिन् पनि, पछुताउँछिन् पनि । कतै केही गडबड त भएन ? भनेर शङ्का पनि गर्छिन् । अनि आफै वास्तविकताको धरातलमा उत्रेर कल्पनामै मदनका पाउ समातेर माफी माग्छिन्– "के भर त्यस्को नलागोस् पाप, पापी छ मेरो मन । प्यारा पापी छ मेरो मन ।" आफ्नो सपनाको राजादेखि दूर रहेकी विरहिणीका मनमा यस्ता तर्कना, शङ्का र उपशङ्काहरू उठ्नु एउटा नारी सुलभ मनोविज्ञान पनि त हो । महाकविको तिखा कलमले यो सानो तर कोमल अनुभूतिको जीवन्त चित्रण गर्न समेत चुकेको छैन ।

अब यसै बीचमा आएर घटनाहरूले अनेक मोड लिन्छन् । साँच्चै नै महाकविले भन्नु भए झैं–"मानिसलाई बाटामा काँटा मानिसै छर्दिन्छ ।" यसरी काँटा भरिदिने प्रसंगमा एउटा गुण्डा र नैनी पात्रको सिर्जना हुन्छ । परिस्थितिसग लाचार हुँदा हुँदै पनि अनवरत रूपले संघर्ष गरिरहन बाध्य भएकी मुनाले दुर्वैलाई क्रमशः "ईश्वरको हाँसो पाएका फूल छोएर नमार" र "जूनमा हुन्छ कलङ्क हुन सतीको मनभित्र" भन्दै प्रतिरोध गर्छिन् । तर समाजका समस्त काला तत्व-

---

" दायित्व "

–बी. पी. भूसाल "मञ्जूल"

कर्तव्यका विशाल पाइलाहरूमा
त्याग र तपस्याका मैदानहरूमा
महासागरमा पौड्ने शक्तिहरूमा
मानवताका उदार भावनाहरूमा
प्राकृतिक अलङ्कारले जीवन, सजिन्छ रे !
दायित्वको ख्याल त्यहाँ हुन्छ रे !
कठोर परिश्रमका भेलहरूमा
आत्मविश्वास र हिम्मतका खेलहरूमा
पवनको वेग जस्तो गतिहरूमा
सार्थकताको शाँकेतिक चिन्ह मिल्छ रे !
दायित्व त्यहाँ बहन हुन्छ रे !
सांगुरा र संकुचित सोचाईहरूमा
वैमनष्यताका भयानक खाडलहरूमा
बादलरूपी निराशाका छहारीमा
नैतिक हिनका ठूला भारीहरूमा
घामरूपि जीवन अस्ताउछ रे !
दायित्व निस्तब्धताका बिलाउछ रे !!

हरूको एउटै गठ भैसकेपछि एउटी निरीह अबलाको लाग्दो नै के रहेछ र ? एउटै नवकली पत्रले उनको हृदयभरिको त्यो प्यारो मदनलाई मारिदिन्छ । उनी एउटा असह्य चोट बोकेर सधैं सधैंका लागि हराइदिन बाध्य हुन्छिन् ।

सेवा र मानवताको गरिहाईको मूल्य आँशुले तिरेर, साक्षात ईश्वरको प्रतिमूर्ति त्यो भोटे दाइसंग विदा भएर धेरै धेरै रमाइला कल्पनाहरूको माला गाँस्दै मदन घर आउँछ । बिचरालाई थाहै के र ? उस्की वृद्धा आमा केवल उसकै मुख हेर्नका लागि मात्र बाँचेकी छन् भनेर । बस, मदनमाथि बज्रपात हुन्छ । पाटी र धाराको परिकल्पना, घरको जग बलियो बनाउने प्रबल अभिलाषा र मुनाको हातमा सुनका बाला हालिदिने मधुरो आशा र सपनाहरू आमाको मृतदेहसँगै जलिदिन्छन् ।

उसले आफ्नी प्राण प्यारी मुनालाई खोज्छ । हो, ऊ आँखाभरि मुनालाई हेरेर मातृ वियोगको पीर भुल्न चाहन्छ । तर अभागी मदनलाई यो सब प्राप्त हुँदैन । बिचरी दिदीले नचाहेदा नचाहेदै पनि मुटुमाथि ढुङ्गा राखेर "हे मेरा भाइ, ती मुना छैनन् यो तिम्रो घरैमा" भनेर भनिदिनैपर्छ ।

मदनले यसलाई सहन पो कसरी सक्थ्यो र ? "कसरी खायो आगोले दिदी कमलको शरीर ?" भन्दै छाती पिटेर– "खरानो तिनको मलाई देउन छातीमा लगाउँ" भन्दै अनुरोध गर्छ । तर बिचरालाई त्यो पनि प्राप्त हुन सक्तैन । अनि छातीको पीर थाम्न नसकेर बराशायी बन्छ । वैद्य आउँछ । तर "मनको व्यथा रहन्छ कहाँ मलाई बताऊ" भन्ने प्रश्नको जवाफ दिन पनि वैद्यले सक्दैन र मदनलाई बचाउन पनि सक्तैन । यसरी मदन सधैंको लागि ऊ भित्रका असंख्य अधुरा सपनाहरू मरे जस्तै गरी मरिदिन्छ । पाटकका आँखाबाट अविरल आँशुहरू बग्न थाल्छन्– मानौं, त्यो कथा आफ्नै हो, त्यो व्यथा आफ्नै हो, त्यो तडप आफ्नै हो, अनि त्यो प्यारी मुना आफ्नै हो र त्यो विवश मदन आफ्नै हो ।

यसरी सम्पत्ति आर्जनको धरातलबाट उठेको यो मार्मिक कथा, सम्पत्तिको उपभोग गर्न सम्म पनि नपाई टुंगिन्छ । हो, ऐले हाम्रो अगाडि सम्पत्ति त हुन सक्छ तर ती प्यारी मुना, त्यो विवश मदन र ती श्रद्धेय आमा छैनन् । यस दर्दनाक र वियोगान्त कथाको माध्यमबाट मानौं महाकवि देवकोटाले हामीलाई आफ्नो सन्देश छोड्नु भएको छ कि सम्पत्ति नै सबै थोक कहिल्यै पनि हुन सक्दैन । बरु त्यसको सट्टा मान्छेमा प्रेम, सद्भावना, स्नेह र कोमलता जस्ता मानवीय गुणहरू हुनुपर्छ । अनि मात्रै मान्छे वास्तविक रूपमा सुखी हुन सक्छ । भौतिकताको आडमा पाइने सुख वास्तविक सुख हुन सक्तैन । यही कुरालाई व्यक्त गर्न महाकवि देवकोटाले आफ्नै पात्री मुनाको भावनागत अभिव्यक्तिलाई अगाडि सार्दै भन्नु भएको छ:–

"हातका मैला सुनका थैला के गर्नु धनले ।
साग र सिस्नु खाएको बेश आनन्दी मनले ।"

–बुधबारे ४ झापा

इतिहासको पानाबाट

साधारणतया मानिस ६० वर्ष पुगेपछि काम गर्न नसक्नेमा गणना भै आफ्नै जिम्मेवारी पूर्ण कामबाट अलग गराइन्छ । तर क्यानाडा निवासी लर्ड थामसनले ६० वर्ष पुगेपछि अर्थात् सन् १९५३ देखि मात्र सक्रिय भई खास जिन्दगी प्रारम्भ गरे ।

थामसनमा आत्मविश्वास तेजिलो थियो । युवावस्थामा एकपटक उनले आफ्नी श्रीमतीलाई भनेका थिए– "म चाँडै नै लखपति भैहाल्छु ।" यी शब्द सुनेर उनकी श्रीमतीले भनिन्– "जुन मान्छेसंग दूध पिउने सम्म पैसा छैन त्यो मान्छे लखपति हुने ? तर उनको देहान्त हुँदा उनले जति सम्पत्ति छोडिगए त्यो एक आश्चर्य लाग्दो कुरा छ ।

थामसनको जन्म एक अति निर्धन परिवारमा भएको थियो । १४ वर्षको उमेरमा उनले पढाई छोडी परिवार पालनको लागि सानो कम्पनीमा नोकरी गरी बस्नु परेको थियो । धेरै ठाउँमा नोकरी गरी छोडी-सकेपछि उत्तरी ओटारियोमा रेडियो बिक्री गर्ने काम गरे । त्यहाँ रेडियोको आवाज राम्ररी सुनिदैनथ्यो । अति उनले ५०० डलर खापट लिई ट्रान्समिटर किनी रेडियो स्टेशन खोलिदिए । पछि गाउँमा सबैले खबर सुन्न सक्ने भए । लगत्तै पछि उनको व्यापार चौगुना बढ्यो । त्यसै मुनाफाबाट एक साप्ताहिक पत्रको प्रकाशन किनी सञ्चालन गरे । त्यो उनले जिन्दगीको आखिरीसम्म चलाइरहे ।

मानिसहरू थामसनलाई अति नै कञ्जूस व्यक्ति भन्दछन् । भनिन्छ "सालमा आफ्नो लागि १ जोर सूटमात्र हाल्थे । हवाई जहाजमा टुरिष्ट क्लासमा मात्र यात्रा गर्थे ।

विवाहित थामसन दिनमा धेरैजसो घर बाहिरै हुन्थे । रातमा घर फर्कन्थे । कहिले त कैयौं हप्तासम्म पनि घर फर्कन्नथे । तैपनि उनकी पत्नीले घरको झञ्झटबाट फुर्सत दिइराखेकी थिइन् । श्रीमतीको सहारा पाएकाले नै उनले ठूल ठूला काम गर्न सक्षम भए । लार्ड थामसन भन्ने गर्थे– "धन कमाउनलाइ नै मैले व्यापार गरेको हो, थोरै समाचारपत्रबाट धेरै धन कमाउन सकिन्छ ।

फेरि त्यो धनबाट बढी भन्दा बढी समाचारपत्र प्रकाशनहरू किन्न सकिन्छ । म सिगरेट पिउँदिन रक्सी पनि नाम मात्रको । परिवारको लागि पनि नभै नहुने मात्र खर्च गर्छु अनि मैले धन कमायो

भनेर अरूले कपाल दुखाउनु पर्ने नै किन ! ८२ वर्षको उमेरमा उनको देहान्त हुँदा विभिन्न देशबाट प्रकाशित हुने १८३ समाचारपत्र र १३८ पत्रिकाको उनी मालिक भैसकेका थिए । एक पत्रकारले सोधेका थिए तपाईले यो सफलता कसरी कमाउनु भएको हो ? जवाफमा उनले भनेका थिए– "म कहिल्यै चुप लागेर बसिन, कहिल्यै मोज मज्जामा लागिन सिर्फ काम मात्र गरिरहे" ।

संकलक– तारा कार्की

मेरो देश

–पेशलकुमार न्यौपाने

आइमाई युवा र वृद्धले बचाएको मेरो देश
खुकुरी राँका र धुयेंत्राले जोगाएको मेरो देश
अरिंगाल विच्छिउँ औलो र सिस्नुले पोलिएको मेरो देश
मेरो प्राण भन्दा प्यारो मेरो सर्वस्व हो मेरो देश
वीर भक्ति अमर र भिमसेनले
रगत बगाएको मेरो देश
राष्ट्रका अनगिन्ती शहीदहरूले
सजिएको मेरो देश
कुभावनाले टेक्ने विदेशी विच्छीलाई
सेतो परेवाले सहन सक्तैन
लुलो लङ्गडो ठानी अर्काको मुटुमा कुल्चेको
स्वाभिमानी नेपालीले विर्सन सक्तैन

पृ. ना. व. क्याम्पस (पोखरा)

धुयेंत्रोको जमाना छैन अब

–डा. मथुरा के. सी.

हाम्रो लागि पूर्णिमा पनि एक आमावास्या
सँधै गास र वासकै समस्या
तर अरू भने नक्षत्र युद्धको तैयारीमा छन्
समृद्धि र विकासको हाराहारीमा छन्
हामी आफ्नै जीवन संग युद्धलडिरहेका छौं
हाम्रो जोशलाई हामी माथिकै आकाशले
थिचिरहेको छ ।
त्यसैले आफ्नै आशा र आकांक्षा सित
हारिरहेका छौं ।
धुयेंत्रो जमना छैन अब
खुकुरीमा चमक छैन अब
लडाइँ भने पनि युद्ध मोर्चा
वन जङ्गल हदि सके
गुडाउन टेङ्क सडक छैन
उडाउन बमवर्षक, विमान, तेल छैन
युद्धपोतको त सपनै नदेखे भयो
भू-परिवेष्टित देश हाम्रो
क्षेप्यास्त्रहरूको त कल्पनै नगरे भयो
गरिबीको रेखामुनिको देश हाम्रो
तर युद्ध-शुरू गर्ने पर्छ
युद्ध शुरू गरौं
हाम्रो युद्ध परदेसंग होइन
आफ्नै जीवन संग शुरू गरौं,
हामीलाई थिच्ने आफ्नै आकाश विरुद्ध
युद्ध शुरू गरौं,
अज्ञान र अन्धविश्वास विरुद्ध
युद्ध शुरू गरौं ।

हाल, काठमाडौं

सामयिक लेख

विदाको दिन

—मधुबन पौडेल

कति उराठलाग्दो लागेर आएको होला आज! बिहान मुख धोएर बसेथें, अहिलेसम्म चल्न पनि मन लागेको छैन। मन पनि कुनै कुरामा केन्द्रित गराउन सकेको छैन। केटाकेटीहरू उठीवरी आ–आफ्ना धुनमा लागिसकेका छन्। शायद आज विहानैदेखि टेलिभिजन आउँछ क्यारे! त्यसैले त होला म बरण्डामा एकलै पोल्टेर बसेको देखेर पनि उनीहरू मसँग चल्न खेल्न आएका छैनन्। उनीहरूकी आमाचाहीं पनि आफ्नै पाठपूजा र भान्साको तरखरमा होली।

बिदा भयो र कतै गइन वा केही खास काम भएन कि मलाई यस्तै हुन्छ। जान पनि कहाँ जाने? आफू जसकहाँ जान खोज्यो, ऊ हुर्दैन, सँधै व्यस्त रहन्छ। अन्त जाउँ–सधैं एउटा कुरा पहिले शिष्टाचारका अनि यताउतिका कुरा।

पढ्न पनि–कहिल्यै दत्तचित्त भएर एकै ठाउँमा पलेटी कस्न सकेको छैन। आफ्नै घरमा १८ घण्टा पढेर बस्ने दाज्यू पनि छन्, एकै घण्टा पनि नपढ्ने भाइ र बहिनीहरू पनि छन्। सबैको प्रकृति एउटै कहाँ हुन्छ र? सबैको लक्ष्य पनि एउटै नहुने रहेछ। एक जना मान्मजन भन्ने गर्थे–हेर भाइ, हामी स्कूलमा पढ्दा र म्याट्रिक पास गर्दा कति हजार दौतरी भए होलान् अहिले को कहाँ छन् कति जनाले त्यहाँबाट माथि जान मन गरेनन् वा सकेनन्, कति माथि गए, कति तल झरे यस्ता लेखा जोखा गरेर पनि साध्य छ र! उनको कुरा मलाई चित्त बुझ्छ। उनी भन्छन् आ–आफ्नो भाग्यमा जे लेखेर आएको छ त्यही हुन्छ रे।

म भाग्यमा विश्वास त गर्दिन। तर सबैले मलाई भने भाग्यले साथ दिएको छ भन्छन् रे! आश्चर्य, म र भाग्य! मलाई त भाग्यले ठगेको जस्तो पो लाग्छ।

केटाकेटीमै बाबु आमाबाट टाढा बसें। आफ्नै किसिमको मनपरी गरेर मनपरी ठाउँमा गएँ, मनपरी साथी पनि बनाएँ। कति वर्ष एकतर्फी प्रेम मनभित्र लुकाएर आफ्नै साथीलाई पनि झुक्याएँ। अनि अरूले आफूप्रति एकतर्फी प्रेम गरेको थाहा पाएर पनि बुझ पचाएरै बसें।

मेरो जीवनमा जति महत्वपूर्ण घटना घटेका छन्, ती सब अनायास घटेका छन्। मलाई जबर्जस्ती

क्लास चढाएर स्कूलमा भर्ना गरिएको थियो। तर नपत्याउँदा नपत्याउँदै मैले ओठ निचोर्दा दूध निस्कने बेलामा नै स्कूलसँग विदा लिएँ। अनि बिहे। बिहे पनि त एउटा संयोग थियो। तर मेरो लागि बिजोग थियो। ट्यूसनबाट २।४ पैसा आम्दानी अनि घर पेटीका छोरीहरूसँग लुकिछिपी प्रेम, आफ्नै कमाइले अलि ठाँटबाट देखाउन पाएको समयमा मेरा बाबुलाई आफ्नो इज्जत राख्न, नाक ठाडो पार्न मेरो बिहे नगरी भएनछ! अनि बिहे भयो।

अब त पन्ध्र वर्ष बितिसकेका छन्। समय बित्न पनि कति गाह्रारो छ र! भोली पर्सि आफैं बितिन्छ अरू त के! अहिले लाडिएर बोल्ने मेरो कान्छो छोरो पनि शामद पछि यस्तै घोलियर बस्ने होला। भोली घर फर्केपछि ऊ धाहा पार्उँछ– कति कृत्रिममा उसको चार वर्षको बाल्यकाल बितेछ! राम्रो घर आफ्नै मोटर, राम्रो स्कूलमा शिक्षादीक्षा यी सब क्षणिक हुन् भन्ने बिचरालाई थाहा छैन।

बाहिर मूल ढोकामा घण्टी बज्छ। मेरो साथी आइपुगेछ। म अलि हलुका अनुभव गर्छु– पुराना कुरा गर्न पाइन्छ, अनि नचाहिंदा प्रसङ्ग झिकेर पनि श्रीमतीहरूलाई जिस्काउन पाइन्छ भनेर। साँच्चि नै हामी दुवै जना त्यसैमा रमाएर बसेका छौं। आफ्नो काममा गोरू जोतिए झैं जोतिएर कुनै एक ठाउँमा भेट्छौं अनि फलानो त निकै रसिक छ, हाम्रो चाहीं कुरा मात्रै भयो हगि? भन्दै रक्सी घोक्छौं। यसैगरी एकपछि अर्को गर्दै शुक्रवार आउँछ. जान्छ। शायद यसैगरी हाम्रो बुढेसकाल पनि नजीक हुँदैछ।

विदेशमा बस्दा आफ्ना कति काम बितिसके जस्तो मलाई लाग्छ। तर म घरैमा भए पनि केही पनि लछार्ने थिइन। आफूलाई सन्तुष्ट पार्न हामी एक एक वटा बिङ्गा खडा गर्छौं नै! पोहोर विदेशमै एउटी पुरानी साथी भेटेको थिएँ– लोग्नेसँग झगडा गरेर छुट्टिएकी। उसले पनि विदेश पसेर धेरै कटु अनुभव गरेकी रहिछ। लोग्नेबाट मार खाएर आएकी बिचरीलाई विदेशमा नयाँ साथीहरूले आफ्नो ब्याग समेत बोकेर हिंड्ने गर्थे रे! तर एक रात सँगै सुतेर गएपछि पनि कुनै आफ्नोपन देखाएनन् रे। एक, दुई तीन, चार, पाँच अनि छ जनासँग यस्तै अनुभव भएपछि ऊ दिक्क भइ रे! कस्तो यन्त्रवत मानव हृदय लिएर आएका होलान् तिनीहरूले भन्थी। हुन त म पनि भोली उसलाई उसले खोजेको माया दिन सक्दिन, तर मलाई उसले त्यस्तो ठान्दिन रे! अहिले त ऊ अर्को ठाउँमा पुगिसकी रे!

मेरो मौनतालाई भङ्ग गर्दै मेरो साथी पड्किन्छ,

"ए! तिमी त गजब छौ हा! दिनभर एक्लै बस्ने पनि काइदा हो र? हिंड एकातिर जाउँ सबै भण्टाङ भुण्टुङ बोकेर। मेरो साथीले मलाई झम्टिन्छ।

"धेरै त जाउँ" म चुक्क उठ्छु।

हामी दिनभर यताउति घुम्छौं– पार्क, चिडियाखाना बर्मेचा आदि। केटाकेटीहरू खूब रमाएका छन्? शायद श्रीमतीहरू पनि प्रसन्न छन्। तर मलाई भने भिजभिजै ओदाहा छुटे जस्तो भएको छ। केही कुरा मनमा नभए पनि म मनमनै आफैंसँग कुरा गरिरहेको छु र बीच बीचमा यन्त्रवत् मेरो साथीका प्रश्नहरूको पनि उत्तर दिइरहेको छु। मलाई लाग्छ– भो शुक्रवार कति छिटो आएको होला! शायद हाम्रो काल पनि त यसै गरी नजीक आइरहेको होला नि!

बत्तिसपुतली, काठमाडौं

कथा

जहाँ राम त्यहीं हनुमान

—लोकेन्द्र शाह

जाडोको कुनै एक दिन हामी कुनै घरको छतमा बसेर कसैको भविष्यबारे चिन्ता प्रकट गरिरहेका छौं। भविष्य र कुराकानीको विषयवस्तु अरूनै कोही हो तथापि हामी निकै चिन्तित छौं। यसरी जाडोका दिनहरू छतमा घाम तापेर बिताउँदा मैले मेरी हजुरआमालाई सम्झने गरेको छु। हजुरआमा एकदमै मीठो संग भोगटे र निमुवा साँघेर खुवाउने गर्नु हुन्थ्यो। हामी केटाकेटी थियौं र थपी-थपी खाने गर्थ्यौं। अहिले हजुरआमा हुनुहुन्न उहाँ परलोक भएको चालिस वर्ष भन्दा बढी भैं सक्यो।

चालिस वर्षका यी अवधिहरूमा मैले निकै ठूलो प्रगति गरिसकेको छु। मेरो प्रगतिको अर्को अर्थ लाग्दैन भने म मेरो प्रगतिलाई मैले आफ्नो देश प्रति देखाएको वफादारी र हाकिम प्रतिको विश्वसनीयता हो।

हजुरआमा हामीहरूलाई कति गाली गर्नु हुन्थ्यो। हामी केटाकेटी (सुमन, म र भरत) हरूलाई हजुरआमाको निकै डर पनि लाग्थ्यो। हामी हजुर-आमाको डरको कारण आफ्नो घरबाट अरूको घरमा लुक्न जान्थ्यौं। गाउँमा भएको हाम्रो त्यो घर अब छैन, घरबार बेचेर बा आमाहरू तराईतिर सरेका हुन्।

हजुरआमाको मृत्यु हुँदा म लगभग बाह्र वर्षको थिएँ। अहिले ५२ वर्षको भएँ। १२ र ५२ वर्ष बीच

✱ जन्मः २०२४ साल साउन

✱ कृतिः मन एकान्तमा हराउँदैन (कविता संग्रह) र विभिन्न पत्र-पत्रिकाहरूमा रचना प्रकाशित

✱ संप्रतिः पत्रकारिता

✱ सम्पर्कः पो. ब. नं. ४९११, काठमाडौं

मैले धुर्प अनुभवहरू सँगालिसकेको छु। बाँचनका निम्ति आम मानिसले भोग्नुपर्ने नियतिहरू मैले पनि भोगिसकेको छु।

हामी छतमा छौं र कुराकानीको विषय बस्तु त्यही केटी छ, जसलाई मेरो छोराले मन पराएको थियो।

मैले धुर्प समस्याहरू सँग जुझ्नु परेका कुराहरू नयाँ होइनन् बरू ५२ वर्षका निकै नमीठा अनुभूतिहरू भने हुन्। हाकिमको डरलाग्दो अनुहार सम्झदा अहिले पनि मलाई डर लाग्छ। र उसले बलात्कार गरेकी केटी, जसलाई म सँधै बाटोमा भेट्थें अझै पनि झलझली याद आउन थाल्छे। हाकिमले उसलाई निर्वस्त्र बनाएको थियो र उसका संवेदनशील अङ्गहरूमा चिथोर्दै थियो। उ रोइरहेकी थिई तर उसको आवाज कसैले पनि सुन्न सकेको थिएन। किनकि हामीहरू शहर भन्दा निकै पर थियौं। त्यसबेला म झण्डै तीस वर्ष जतिको थिएँ। मेरो उपस्थितिले हाकिम झस्किए पनि आत्तिएन। हाम्रो अफिस र हाकिमको क्वार्टर बीच २ मिनेटको फरक थियो। म अफिसमा बसेर ओभरटाइम काम गर्दै थिएँ र हाकिम उसको क्वाटर-मा बसेर एउटी अबला प्रति जघन्य अपराध गर्दै थियो।

मेरो ढोका बन्द थियो र म जुन ढोकाबाट आएको थिएँ त्यो ढोका हाकिमको नजिकका मानिस-हरूलाई मात्र थाहा हुन्थ्यो। हाकिमले मलाई विशेष रूपमा मन पराउंथ्यो त्यसैकारण पनि होला मेरो उपस्थितिले हाकिम आत्तिएन बरू त्यो नग्न केटी माथिको आफ्नो कुकृत्य यथावत राख्यो। मैले कुनै जरूरी कागजातमा हाकिमको हस्ताक्षर गराउनु थियो। तर हाकिमको आत्मिक सन्तुष्टिमा बाधा उत्पन्न गराइदिन म भित्रको बफादार कर्मचारीले मानेन र म चुपचाप फर्कें।

एकै छिन पछि हाकिमले मलाई बोलाउन पठायो। केटी कोठामा नै कैद थिई। अहिले हाकिमले लाज ढाकेको थियो र पङ्खा खोलेर शरीरमा उत्पन्न भएको स्नेह वाष्प समाप्त गर्नेतिर क्रियाशील थियो।

On The Happy New Year 2046

We Wish Prosperity And Success To

All Our Readers Patrons And Well Wishers

Namaste Travel (P.) Ltd.

MAITIGHAR KATHMANDU NEPAL

Po. Box 5566, 3313

Tel. 2-15017, 2-12918, 2-25405

Telex 2478 WOCAB NP

म पुग्ने बित्तिकै हाकिमले मलाई त्यही कोठातिर जाने आज्ञा दियो जुन कोठामा केही समय पहिले उसले पापाचार गर्दै थियो । नाईभन्न म भित्रको अनुशासित कर्मचारीले दिएन र म चुपचाप त्यो कोठा भित्र पसें । केटी लडिरहेकी थिई । मैले राम्रो सँग उसको अनुहार हेरें । साँच्चिकै मैले चिनेकै उही केटी थिई तर उ अहिले हौसला थिईन । जब हाकिमको आज्ञा पूरा गर्न मैले उसको छाती छामें, मलाई लाग्यो अब उसको धुकधुकी मात्र बाँकी छ । म चुपचाप हाकिम भएको कोठातिर फर्कें । हाकिम होस्टासाइ-किन खाइरहेको थियो । मैले हाकिमसँग उसको सास मात्र बाँकी रहेको कुराको जानकारी दिएँ । हाकिम ही-ही गर्दै हाँस्यो । अनि अर्कोतिर फर्कंदै छिमेकी भाषामा भन्यो– मैले सास छाम्न भन्या हो र तिम्लाई ? उसलाई कर्त लगेर अन्तिम बन्दोबस्त गर पो भनेको ... ... । ... ... तर सर !

–के तर, मैले जे भने त्यो काम तिमीले गर्नु पर्छ । उ अलि नरम भयो र भन्न थाल्यो बिस्तारै माटो बन्ने छन् उसका हाड खोरहरू हाकिम फेरी कुटील हाँसो हाँस्यो ।

एक महीना पछि मेरो बढुवा भएको थियो र म तराईतिरको कुनै बन अफिसमा पठाइएको थिएँ । तराईतिर पठाउनुको अर्थ हुन्छ हाकिम खुशी हुनु र २।४ लाखको जोरजाम गर भनेर आदेश दिनु । यो आदेशको पालना पनि मैले गर्नै पर्थ्यो, फेरि म जस्तो कर्तव्यनिष्ठ र आदेशको सुचारू रूपले पालना गर्नुपर्ने व्यक्ति । मेरा तो कार्यहरू पनि सम्पन्न भए ।

हाकिमले त्यस्तो अक्षम्य कालो करतूत गरेको दिन देखि शहरमा त्यो केटी देखिइन । निकै खोजी भयो । उसको सुईकोनै पाइएन । अब मलाई हाकिमको अनुहार देखि डर लाग्न छोडेको थियो । उसले मलाई निकै माया गर्न थालेको थियो । मैले उसको प्वाइन्ट समातेको थिएँ, जस्को कारण अब मैले उसको सामु डराउनु पर्ने बाध्यता थिएन । हाकिम मलाई पटक–पटक घर आउन र चिया पिउन आग्रह गर्थ्यो ।

केही वर्ष पछि हाकिम मऱ्यो । हिजो म रिटायर्ड भएँ ।

हामी छतमा छौं । कुराकानीको विषय त्यही केटी छ, जसलाई मेरो छोराले मन पराएको थियो र उसको अपहरण भएको हल्लाले हामी दुःखी छौं ।

अब नयाँ हाकिम आएको छ र मेरो छोराले मन पराएकी केटी हराएकी छ । अहिले मेरो आँखा अगाडि मृत हाकिम र उसले बलात्कार गरेकी केटीको अनुहार आइरहेका छन् ।

सुनसान, एकान्त बनको त्यो ठाउँमा शायद अरू कोही 'ओभरटाइम' मा होला ।

बानियाभार, बाँके

एक मुस्कान ०००

नेपाल भारत जापान र अमेरिकाका ४ नागरिक हिंडीरहेका रहेछन् । उत्पात गर्मी भएछ । अमेरिकी-लाई झोक चलेर आपनो कोट हुत्याइ दिएछ । सोढा भनेछ–हामीकहाँ यस्ता कति पाइन्छन् कति । यमै गरी जापानिजले क्याप फालेछ र भनेछ हामी कहाँ यस्ता कति पाइन्छन् कति । त्यसपछि भारतीयले काँधमा झुण्डयाएको रुमाल फालेछ । अब आयो नेपालीको पालो । उसले अरू केही नदेखेर भारतीयलाई समाइ फालेछ र भनेछ– हामी कहाँ यस्ता कति पाइ-न्छन् कति ।

श्री दुर्गा रिसाल

—रामप्रसाद पन्त

सरकारको नून खाएपछि कहिले कता दौड्नु पर्छ कहिले कता। कहिले त घर सल्लाह सम्म पनि गर्न नपाई अचानक निर्णय दिनुपर्छ। त्यस्ता आदेशहरू मैले बेला बखत पालना गर्दै आएको छु र निर्णय दिएको छु। एक पटक मलाई यस्तै अपर्जेट कामको सिलसिलामा पन्ध्र दिनको कार्यभार बोकेर एउटा शाखा कार्यालयमा जान पर्ने भयो। मलाई सहयोग पुऱ्याउन एक जनाको आवश्यकता पर्दथ्यो। त्यो आवश्यकता को बाट पुरा हुने हो। सो सम्बन्धी जानकारी लिनुभन्दा पहिले म आफ्नो परिस्थिति सम्झेर चक्कराएँ। किनभने तेस्रो दिन घरमा मेरो उपस्थिति अनिवार्य थियो। एक दिन मानसिक विवाद चल्यो, मैले ती दुवै महत्वपूर्ण कामको तुलना गरें। मौकामा काम नदिएपछि त्यसको असरपछि सम्म के कस्तो पर्ने सबछ त्यो सोचनीय विषय थियो। त्यसैले मेरो ध्यान इमान्दारी र बफादारीमा अडियो। मैले जाने दृढ निश्चय गरें।

एकैछिन पछि मैले भोली प्रस्थान गर्न पर्ने भ्रमण पत्र पाएँ। कार्यालयमा बिहान आठ बजे उपस्थित हुनुपर्ने एक अर्को पत्रमा उल्लेख गरिएको थियो। त्यसमा आफ्नै एक जना सहयोगीको नाम पनि लेखिएको थियो—श्री दुर्गा रिसाल।

त्यो नाम पहिले मैले सुनेको थिईन। एकै परिवारको भए तापनि कर्मचारी संख्याको आधिक्यता र विभागहरूको विभिन्नताले गर्दा नाम संग अपरिचित हुनु अस्वाभाविक थिएन। एक दुई जनालाई सोधेको पनि हुँ तर यकिन हुन सकेन। कार्यालय छुट्टी हुने अन्तिम घडी भएको र परिचय गरिहाल्न पर्ने आवश्यकता पनि नभएकोले हाम्रो परिचय प्रस्थानको समयमा मात्र हुने भयो।

अर्को दिन म निर्देशित ठाउँमा पुग्दा त्यहाँ चार पाँच जना जम्मा भएका थिए। जसमध्ये एकजना महिला पनि थिइन्। उनी संगै एउटा ब्याग पनि थियो। मैले अनुमान लगाएँ—यिनले अफिसको मोटरको फाइदा उठाउन लागेको हुनुपर्छ अर्थात यिनको घरको आफ्नै मोटर जाने सम्बन्धित दिशा तिर भएको हुनुपर्छ।

म त्यहाँ पुगेर आफ्ना सहयोगीको नाम लिएँ।

मलाई आश्चर्यचकित गराउँदै ती महिलाले भनिन् "म"..... । मेरो दिमागमा एकै चोटो धुप्रै प्रश्नहरू आएर बँरिए । श्री दुर्गा रिसाल .. ... ! अनि महिला !" हो, कन्या कुमारीको अगाडि 'श्री' लेख्नि सक्छ तर बी त कुमारी अवस्था पनि पार गरिसकेकी कमसेकम २–३ बच्चाकी आमा प्रतीत हुन्छिन् । श्रीमती पो लेख्नु पर्ने ! अर्को कुरा ऐनले कर्मचारीहरू सबैलाई समान रूपमा देखेपनि शाखा प्रशाखाहरूमा सीमित दिनमा सम्पन्न गर्न पर्ने जवाफदेही काम लिएर महिलाहरू गएको प्रायः मलाई थाहा थिएन । वास्तवमा काम कठिनै हुन्थ्यो । उनीहरूको लागि घर छोडिसकेपछि के कस्तो अवस्था पर्छ के थाहा ? यस्तो अवस्थामा यिनले कसरी स्वीकार गरिन् ? बाबु आमा वा श्रीमानबाट कसरी अनुमति पाइन् ? वा अफिसले किन स्वविवेक देखाएन ? यिनको कुनै आफन्त वा घर छ कि ? स्वयं माग गरेकी त होइनन् ?" .

बी प्रश्नहरूको निराकरण गर्न बाँकी नै थियो तर सर्वप्रथम हामीलाई हिड्ने तैयारी गर्न परेको हुँदा सो कार्यक्रम मिलाउने तिर लाग्यौं । एकैछिनमा मोटरले हामीलाई लक्षित दिशातर्फ कुँदायो । त्यहाँ हामी चारजना मात्र थियौं । ड्राईवर, पियन, दुर्गा र म ।

बाटामा मैले मनका खुलदुली मेटाउने विचार गरेर दुर्गाको सामान्य परिचय लिई वार्ता शुरू गरें । केही प्रश्नहरूको उनी सरलतया जवाफ दिन्थिन् कुनै प्रश्नहरूमा सतर्कता अपनाउँथिन । गोपनीयताको संकेत गरिएका कुराहरूलाई मैले पनि अगाडि बढाउने चेष्टा गर्दिनथें । उनको मनाशय बुझ्दै गएपछि मैले पनि तदनुकूल वार्तालाई अगाडि बढाउँदै गएँ । वार्तालापबाट मैले उनको मोटामोटी परिचय पाउँदै गएँ । बाह्य दृष्टिमा उनी साहसिली र फरासिली प्रतीत हुन्थिन् । बोल्नमा नहिचकिचाउने र हाँसी हाँसी उत्तर

Happy New Year

Hearty Greeting on the Occasion of New Year 2046

Vikram Sambat

PAN AM

Please Contact:— Tiger Tops

G. S. A. PAN AM

Po. Box 242 Tel. 4-11824

DURBAR MARG, KATHMANDU

दिने उनको स्वाभाविक बानी थियो ।

एउटो नाडीमा नीलो रङ्गको एउटै चूरी र अर्को नाडीमा घडी बाँधेकी सलक्क कपाल कोरेकी खैरो रङ्गको ब्लाउज र हरियो रङ्गको साडी उनका सामान्य पहीरन थिए । उमेरले पनि मेरो उमेरलाई पछ्याई रहेको प्रतीत हुन्थ्यो ।

मलाई सोध्न मन लागेका धेरै कुराहरू बाँकी थिए तर बाटामा हामी केही मनोरन्जक र समसामयिक कुराहरूमा मात्र सीमित रह्यो । केही उत्सुकताहरू नमेटिएका होइनन्–यात्राको मुख्य उद्देश्य फुपू भेट्ने र घर उपत्यका बाहिर भै काठमाडौंमा उनी डेरा गरी बसेकी रहिछन् । जागीरले पाँचौं वर्षको दौड लगाउँदै रहेछ । घर परिवारको बारेमा प्रश्न उठाउँदा उनले छोटो जवाफ दिइन–बच्चाहरूको साथमा अहिले म एक्लै छु ।

बाटोमा केही कुरा खान मन लाग्यो । केही म लिन्थे, केही उनी लिन्थिन आपसमा बाँडेर खाइन्थ्यो । ड्राइभर र पियन आफ्नै मस्तिमा अलमस्त थिए । बसै क्रम संग हाम्रो यात्रा के समाप्ती तिर पुग्न लागेको थियो । मोटरमा गडबडी पैदा भयो । बनाउदा कमसेकम दुई घण्टा समय लाग्यो । दुर्गा केही हडबडाइन । फुपूको घरमा पुग्न मलाई सवारी साधन नमिल्न सक्छ । रातीमा एक घण्टाको बाटो जान सम्भव हुँदैन । दोस्रो विकल्प सोचियो–शाखा कार्यालयको अतिथि गृह । त्यहाँ पनि खाली नभए के गर्ने ? अन्तिम विकल्प थियो–कुनै होटेल । यी हाम्रा सम्भावनाका कुरा थिए, अन्तिम अवस्थाका सोचाई थिए । ड्राईभर र पियन अने आफ्नो सयनागार तय गरी सकेका थिए–एकरातको कुरा त हो (भोली फर्की हालिन्छ) यहाँ गाडीको सीट पर्याप्त छ ।

हाम्रो सोचाई सत्य साबित भयो–दुर्गलि यातायातको साधन पाइनन् शाखा कार्यालयसंग सम्पर्क राख्दा थाहा भयो– अतिथि गृह पुरै खाली रहेछ । हामी निकटस्थ अतिथि गृहमा प्रवेश गर्यौं पालेको अगुवाईमा । त्यहाँ तीन वटा कोठाको अतिरिक्त शौचालय स्नानागार र एउटो आगन्तुक कक्ष थियो । त्यहाँ सिधमको एउटा लिष्ट टाँसिएको थियो–ड्राइवर र पियनलाई यहाँ बस्ने अनुमति छैन ।

पालेले एउटा कोठा खोलेर साँचोमलाई थम्याई दिँदै भन्यो–लौ आराम गर्नुस सरहरू । मैले भनें-कोठा अर्को पनि खोलि देउ । उसले एकपटक हामी दुबैको मुखमा पल्टाक पुलुक नजर दौडाएर अर्को कोठा खोली दियो । अनि भन्यो– खानाको लागि के व्यवस्था गरुं ! मैले भनें– होटेलमा अर्डर गरेर आउ हामी उतै जाउँला । उ त्यहाँबाट निस्किसकेपछि त्यो सिङ्गो

नव वर्ष २०४६ को सुखद

उपलक्ष्यमा समस्त ग्राहक बर्ग प्रति

हार्दिक शुभकामना

व्यक्त गर्दछौं ।

हुलास चन्द गोल्छा

तथा

गोल्छा अर्गनाइजेशन

परिवार

घरमा हामी दुई जना मात्र बाँकी रह्यौं । जुत्ता मोजा खोलेर हामी एकछिन आगन्तुक कक्षको सोफामा बस्यौं । बसी बियाँलोको रूपमा मैले केही जिज्ञासा राखेर कुरा उठाएँ:–

– तपाईको घरमा कतिजना हुनुहुन्छ ?

– घरमा त सबै जनाछौं–सासू, ससुरा, देवर, जेठाजु नन्द, श्रीमानु..... ।

– घर कहाँ ? ..... ।

– विराटनगर ।

– काठमाडौंमा नि ?

– छोरीहरू छन् ।

– छोरीहरू भन्नाले कति जना ?

– चार ।

– छोरी मात्र ?

– हजुर ।

– श्रीमान् बी कहां नि ?

– उहाँ हुनुहुन्न ।

– मेरो विस्मयपूर्ण सोधाईलाई उनले उधो मुण्टो लगाएर झन सशंकित तुल्याईन् । सोधें–हुनुहुन्न – भन्नाले ..... ?

– पाँच वर्ष भैसक्यो, उहाँको अचानक हृदयगति बन्द भएको । क्षणभर हामीबीच मौनता छायो, दैवी लीलालाई देखेर म एकछिन स्तब्ध भएँ विधाताको निर्ममा मनमनै प्रश्न गरें । त्येसपछि मैले सोधें–छोरीहरू सानै होलान् । एक्लै छाडेर आउनु भएछ त !

– सानै छन् भन्नुपर्यो ठूली एघार वर्ष सानी पाँच वर्ष ।

– फेरी फुपू भेट्नलाई किन यत्रो झन्झट, उठाउनु भएको ! नभेटी नहुने थियो कि ?

– तपाईलाई किन लुकाउँ फुपूको त बहाना मात्र हो, दुई चार पैसा होला भनेर मात्र ... ... ।

उनको कुरा सुनी मेरो मन झन् द्रवित हुँदै गयो । सोधें–तपाई स्थायी कि अस्थायी ?-"अस्थायी"।

मलाई हैरानी महसूस भयो, जति खोतल्यो उति खाडल उति अन्धकार । त्यो अस्थायी जागीर, ती छोरीहरू र काठमाडौंको डेराबाल ... ... ? सोधें–घरमा त जग्गा जमीन होला, केही सहयोग हुन्छ कि?

– के हुन्थ्यो, हाम्रो प्रेम विवाह भएको । म परें क्षेत्रीकी छोरी, श्रीमान पर्नुभयो– शुद्ध बाहुनको छोरा । मैले त घरै कुच्न पाइन, अबत झन्.....।

मेरो मनमा लाग्यो– यो सामाजिक कुचक्रमा फेर बदल आउन अझै बाँकी छ, स्वविवेक जगाउन बाँकी छ ! सोधें–अहिले फर्म भर्नु भएको छैन त ?

– भरेकी त थिएँ, त्यत्रो कम्पिटेशन, राम्रो तैयारी पनि गर्न सकिएन ... अब यता आएपछि त कुरै सकियो ?

– जाँचत दिनपर्ने, के भन्न सकिन्छ र ?

– हो हुनत तर मौका पाएको बेलामा छोड्न पनि सकिएन, कति लामो प्रतीक्षा पछि बल्ल तल्ल पाएको । भनेको बेलामा नगैदिए पछि भन्न पर्दा अप्ठ्यारो ... ... के गर्ने ?

– जाँच दिन पाए दिनु हुन्छ त ?

– पाए त दिने थिएँ तर कसरी सम्भव होला ?

– तपाई भोली बिहानै जानुस् । चारदिन घोटिएर पढ्नुस्, जाँचदिनुस् । अनि फेरी फर्केर आउनुस् । मैले अलिकति बढी मिहिनेत गर्नु पर्ला के फरक पर्छ र !

व्यक्ति परिचय

इमान्दारिताको एक उदाहरण

मान्छेका विभिन्न धारणा र विभिन्न विचार हुन्छन् । कसैले इज्जत बेचेर धन कमाउँछन् त कसैले धन खर्च गरेर इज्जत बचाउँछन् । एउटा व्यापारी भएर सम्पत्तिको पटक्कै वास्ता नगरी इज्जतको कदर गर्ने व्यक्ति त विरलै पाइन्छन् होला । यस्तै प्रकारका व्यक्ति हुन– मथुरा प्रसाद जैसवाल ।

वि. सं. १९९० सालमा झापामा जन्मेका मथुरा व्यापारी वर्गका मानिस थिए । उनले सानो व्यापारीबाट उपभोग्य वस्तु खरिदगर्थे । अनि ठूला व्यापारीलाई बिक्री गर्थे । यस्तै गिने दिने क्रममा कहिले भा.मा घटबढ हुन्थ्यो । उनले सामान उपलब्ध गराउने व्यापारीलाई पनि चित्त बुझाउथे र ठूला व्यापारीलाई पनि इमान्दारिताको परिचय दिइरहेका हुन्थे । सीधा साधा प्रकृतिका मान्छे भएकाले छक्का पञ्जा गरेर पैसा कमाउन पल्केका व्यापारीसंग उनी टिक्न सकेनन् । अर्काको मर्का नपारूँ र इज्जत थामूँ भन्ने धारणामा अलमलिएर उनी लाखौंको व्यापारमा फसे । र लाखौंको घाटा सहे । अन्ततः उनले व्यापार गर्न सकेनन् । सब व्यापार छाडेर अरू बन्दोबस्त गर्न तिर लागे । बेइमानीको औषधी हुँदैन भन्छन् । बेइमानले बाबु आमा र छोरा छोरीको भेदभाव राख्दैन । ती मथुरालाई पनि आफ्नो भाञ्जोको बेइमानीले घरबार विहीन गराइदियो । अर्थात जाल झेलमा पारेर त्यही घरबाट पनि उनलाई निकालियो उनी घरबार विहीन हुन पुगे ।

उनकी पत्नी मरिसकेकी छन्, छोरी छैनन् । एउटा छोरा गुहारीमा जागीरे छ । आज ५५ वर्षीय मथुरा एक्लै अलपत्र परेका छन् । व्यापारीहरूले चिनेर पनि वास्ता गर्दैनन् । किनभने उनमा व्यापारिक कला छैन, बेइमानी र धुर्त्याई छैन । उनी व्यापार गर्नबाट अयोग्य छन् । लाखौंको सम्पत्तिबाट वञ्चित भएर अहिले उनी एउटा सानो झुपडीमा बस्छन् र स–सानो पसल थापेर प्राण धान्ने उपाय गर्छन् ।

उनी विश्वास गर्छन्– मेरो इमान्दारिता र सत्यता मर्दैन । उनी इश्वर प्रति विश्वास राख्छन्– राम्रो गरे उसले अवश्य हेर्छ र अवश्य केही दिन्छ । यस्ता सत्यता र विश्वासका धनी श्री जैसवाल सम्पत्ति सकिएकोमा चिन्तै नगरी आफ्नो इमान्दारिताको फल अन्ततः राम्रै मिल्ने आत्म सन्तोष प्रकट गर्छन् ।

प्रस्तोताः हरिकुमार उप्रेति (वैरागी कान्छा)

बिर्तामोड झापा